# एकाइ एक : हाम्रो गाउँपालिका

## सिकाइ उपलब्धि

(क) गाउँपालिकाको नाम कैलाश रहनुको ऐतिहासिक तथ्य

(ख) गाउँपालिकाको सिमानामा पर्ने अन्य स्थानीय पालिकाहरू





# पाठ एक : कैलाश गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि

कैलाश गाउँपालिकाको वडा नं. २ को माथिल्लो भेगमा कैलाश वैकुण्ठ भन्ने स्थान छ। यो ठाउँ समुद्री सतहदेखि १८५० मिटर उचाइमा अवस्थित छ। यो ठाउँमा करिव ३०० वर्ष अगाडिदेखि मानव बसोवास गर्दै आएको कुरा इतिहासमा भेटिन्छ। प्राकृतिक रूपमा यो सौन्दर्यले भरिपूर्ण ठाउँ हो। परापूर्वकालमा शिव र पार्वती ओहोरदोहोर गर्दा त्यहाँ बास बस्ने गरेको भनाइ रहेको छ। यही स्थानको नामबाट गाउँपालिकाको नाम कैलाश राखिएको हो। राजनैतिक दलका प्रतिनिधिहरू, बुद्धिजीविहरू लगायत सरोकारवालाहरूको छलफल र सहमतिपश्चात् यो गाँउपालिकालाई कैलाश गाँउपालिका नामाकरण गर्ने निर्णय भएको हो।

वैकुण्ठमा रहेको विष्णु कुण्डमा बाह्रै महिना पानी रहन्छ। यसको आफ्नै विशेषता रहेको छ। यो पोखरीमा रिम्पोचेको मूर्ति रहेको छ। पोखरीभन्दा अलिमाथि डाँफे मुनाल पार्क र भाइरल पिङ रहेको छ। यहाँ होमस्टेको लागि पनि काम भइरहेको छ। वैकुण्ठबाट पारिपट्टि महाभारत लेक छ। यहाँ बहुमुल्य जडिबुटी रहेको छ। त्यसैले कैलाश गाउँपालिकाको पर्यटकीय क्षेत्रको रूपमा कैलाश बैकुण्ठ र विष्णुकुण्ड उपयुक्त रमणीय र आकर्षक स्थल हो। यसको कारण आन्तरिक पर्यटकहरूको आकर्षण बढिरहेको छ। कैलाश वैकुण्ठ तरकारी तथा फलफूल उत्पादनका लागि पनि उपयुक्त ठाउँ हो। यहाँ स्याऊ र किवि खेती गरिएको छ। यहाँ अलैंची र चिया बगान पनि रहेको छ।

कैलाशको पश्चिम दिशातिर हेर्दा अन्नपूर्ण, माछापुच्छे, गणेश, धौलागिरी, मनास्लु हिमाललगायतका हिमश्रृङ्खलाहरू सजिलै देख्न सकिन्छ। दक्षिणतिर हेर्दा तराईका भू-भाग, विरगञ्ज घण्टाघर र रक्सौल रेल स्टेसन पनि देख्न सकिन्छ।




कैलाश गाउँपालिका भौगोलिक र प्राकृतिक विविधताले भरिएको पालिका हो । यहाँ समथर भू-भागदेखि अग्ला अग्ला पहाडहरू पनि छन् । यी अग्ला-अग्ला पहाडहरू विशेष गरी कैलाशको उत्तरी भू-भागमा अवस्थित छन् । कैलाशको वडा नं. १, २, ५, ६ र ७ मा धेरै अग्ला अग्ला पहाडहरू छन् । यी पहाडहरूमा जनजीवनको हिसाबले आवत जावत गर्न कठिन भए पनि प्राकृतिक सौन्दर्यले भरिपूर्ण छन् । यहाँको हावापानी जाडो तथा गर्मीको समयमा पनि चिसो नै हुन्छ ।

## (क) क्रियाकलाप

१. तपाईं आफ्नो ठाउँको नामाकरण कसरी भएको रहेछ सोधखोज गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. कक्षामा समूह बनाई कैलाशको नामकरण सम्बन्धमा छलफल गर्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

## (ख) अभ्यास


१. साविकका कुन कुन गाउँ विकास समितिहरू मिलाएर कैलाश गाँउपालिका बनेको हो, लेख्नुहोस् ।

२. आफ्नो वरपर रहेका प्राकृतिक सम्पदाको नाम लेख्नुहोस् र तिनीहरूको संरक्षणका लागि आफूले गर्न सक्ने कामहरूको विवरण तयार गरी शिक्षकलाई सुनाउनुहोस् ।

३. तपाईंको परिवारको हालको बसोबास भएको ठाउँ, जिल्ला र प्रदेशसमेत उल्लेख गरी तलको तालिकामा भर्नुहोस् ।

| हालको बसोबास भएको ठाउँ | पुख्यौली थलो | जिल्लाको नाम | प्रदेशको नाम |
|---|---|---|---|
| | | | |

पाठ २ कैलाश गाउँपालिकाको सीमाना




कैलाश गाँउपालिका २०४.४८ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको मकवानपुर जिल्लाको उत्तर पश्चिम भागमा अवस्थित छ । यस गाउँपालिकाको केन्द्र साविकको कालिकाटार गाउँ विकास समितिमा रहेको छ । यो गाउँपालिका अर्न्तगतका साविक गा. वि. स. हरूमा डाँडाखर्क, कालिकाटार, गोगने, भार्ता र नामटार (२ र ५–९) रहेका छन् । यो गाउँपालिका भौगोलिक रूपमा विकट भएकोले आवश्यक पूर्वाधारको अवस्था कमजोर रहेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक जस्ता विकासका पूर्वाधारको विकास हुन सकेको छैन । यस क्षेत्रमा तामाङ, चेपाङ , क्षेत्री, मगर, कामी जातिको बसोबास रहेको छ । यो गाउँपालिकामा १० वडा रहेका छन् । यसको पूर्वमा भिमफेदी गाउँपालिका र थाहा नगरपालिका पश्चिममा राक्सिराङ गाउँपालिका, उत्तरमा धादिङ जिल्ला र दक्षिणमा भीमफेदी र राक्सिराङ गाउँपालिका तथा हेटौंडा उपमहानगरपालिका रहेको छ । कैलाश गाउँपालिका रमणीय, रमाइलो र सुन्दर छ । यो गाउँपालिकामा जलविद्युत, पर्यटन र कृषिको प्रचुर सम्भावना रहेको छ ।

(क) कियाकलाप

१. तपाईंको गाउँपालिकाको नाम र केन्द्र कापीमा लेख्नुहोस् ।

२. तल दिइएका शब्द प्रयोग गरी आफू बसेको ठाउँका बारेमा लेख्नुहोस् ।

प्रदेश, जिल्ला, गाउँ वा नगर, वडा, प्रमुख धार्मिक स्थल, पहाड, पोखरी, खोला, आदि ।

**(ख) अभ्यास**

१. तपाईंको गाउँपालिकाको सिमाना तलको तालिकामा लेख्नुहोस् ।

| गाउँपालिकाको | सिमाना | | | |
|---|---|---|---|---|
| नाम | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
| | | | | |

**२. तल दिइएको विवरण भर्नुहोस् :**

(क) तपाईंको गाउँपालिकाको नाम :

(ख) तपाईं बसेको वडा नं. :

(ग) बसोबास गर्ने जातजाति :

(घ) बोलिने भाषा :

**(ग) परियोजना कार्य**

१. तपाईं बसेको ठाउँ वरपर कुनै विशेष ऐतिहासिक स्थल हुनसक्छ । स्थानीय जानकार व्यक्तिसँग त्यसबारे सोधी टिपोट गर्नुहोस् ।

(क) ऐतिहासिक ठाउँको नाम

(ख) ठेगाना :

(ग) उक्त ऐतिहासिक स्थल निर्माण भएको मिति :

(घ) हालको अवस्था :

# एकाइ दुई : स्थानीय प्राकृतिक स्रोत र सम्पदा

सिकाइ उपलब्धि

स्थानीय नदी, वन, खानी र जडीबुटीहरूलाई प्राकृतिक सम्पदाको रूपमा पहिचान गर्न



# पाठ एक : स्थानीय नदी, खोलानाला र कुण्ड

आज कक्षा ४ का भाइबहिनीहरूले कैलाश गाउँपालिका कार्यक्षेत्र भएका वन अधिकृतसँग स्थानीय नदी, खोलानाला र कुण्ड र तिनको उपयोग सम्बन्धमा जानकारी लिने छन् । उनीहरूले वन अधिकृतसँग गरेका अन्तरक्रिया तल प्रस्तुत गरिएको छ :

कक्षा ४ का भाइबहिनीहरू : नमस्कार सर ।

वन अधिकृत : नमस्कार, भाइबहिनीहरू ।

कक्षा ४ का भाइबहिनीहरू : सर, आज हामी प्राकृतिक सम्पदाका सम्बन्धमा जानकारी लिन आएका छौँ, बताइदिनु हुन्छ कि ?

वन अधिकृत : सुन भाइबहिनीहरू हो, मानिसको श्रमबिना प्रकृतिले दिएका साधन, स्रोत र सम्पदालाई प्राकृतिक सम्पदा भनिन्छ । कुनै ठाउँको प्राकृतिक सम्पदाले त्यस ठाउँको विकास गर्न धेरै मद्दत गर्छ । प्राकृतिक सम्पदाका दृष्टिबाट हेर्दा नेपाल विश्वका सबैभन्दा धनी देशहरुमध्ये एक हो । नेपालको प्रकृतिक सम्पदामा जल सम्पदा, वन सम्पदा र प्राकृतिक सौन्दर्य रहेका छन् । यी प्राकृतिक सम्पदाको उपयोग गर्न सके कैलाश गाउँपालिका सम्पन्न पालिका बन्न सक्छ ।

कक्षा ४ का भाइबहिनीहरू : सर, त्यो त बुझ्यौँ अब स्थानीय नदी, खोलानाला र कुण्डका सम्बन्धमा बताइदिनु हुन्छ कि ?

वन अधिकृत : सुन भाइबहिनीहरू हो, कैलाशमा मनहरी खोला, कालीखोला, छरछरे खोला, बाँसखोला, गोराङ्दी खोला, गढी खोला, विष्णु कुण्ड आदि रहेका छन् ।

कक्षा ४ का भाइबहिनीहरू : सर, त्यो त बुझ्यौँ । अब नदी, खोलानाला र कुण्डको महत्त्व सम्बन्धमा बताइदिनु हुन्छ कि ?

वन अधिकृत : सुन भाइबहिनीहरू हो, जल सम्पदाबाट सिंचाइ गरी कृषि क्षेत्रको उत्पादकत्व बढाउन सकिन्छ । जलविद्युत उत्पादन गरी आर्थिक लाभ प्राप्त गर्न सकिन्छ । खानेपानीको सहज आपूर्ति गर्न सकिन्छ । जल यातायात सञ्चालन गर्न, सकिन्छ । वातावरण सन्तुलन र संरक्षण गर्न सकिन्छ ।

कक्षा ४ का भाइबहिनीहरू : सर, त्यो त बुझ्यौँ । अब जलाधार तथा पानीका मुहानहरूको संरक्षणका सम्बन्धमा केही बताइदिनु हुन्छ कि ?

वन अधिकृत : सुन भाइबहिनीहरू हो, जनसङ्ख्याको चापले गर्दा वनजङ्गल विनाश भएको छ । यसले पानीका मुहानहरू सुक्दै गएका छन् । यसका लागि वृक्षरोपण गर्नु जरुरी छ । व्यापक वृक्षरोपण, पानीको र माटोको संरक्षण, खोलानाला वरिपरि सरसफाइ आदि गर्नुपर्छ । यसैगरी खेतबारीमा दिगो कृषि उत्पादन प्रविधि अपनाउनुपर्छ । गाउँघरमा जनचेतना फैलाउन चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

कक्षा ४ का भाइबहिनीहरू : सर, त्यो त बुझ्यौँ । अब समय पनि धरै भयो । घर पनि जानुपर्छ । आजलाई यत्ति नै सिक्यौँ । अब हामी घरतिर लाग्छौँ । नमस्कार सर ।

वन अधिकृत : नमस्कार भाइबहिनीहरू हो, म पनि अब घरतिर लाग्छु । (सबै घरतिर लाग्छन्)



*चित्र : मनहरी खोला, कालीखोला र बाँसखोलाको तस्बिर*

**(क) क्रियाकलाप**

१. वरपरका प्राकृतिक स्रोत तथा सम्पदाहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. प्राकृतिक सम्पदा भनेको के हो रु

२. कैलाश गाउँपालिकामा नदी, खोलानाला र कुण्डहरूको सूची तयार गरी कुनै एक खोलाको सङ्क्षिप्त रूपमा परिचय दिनुहोस् ।

३. नदी, खोलानाला र कुण्डको महत्त्व बुँदागत रूपमा लेख्नुहोस् ।

४. तलको चित्रमा उपयुक्त रङ लगाई कक्षामा प्रदर्शन गर्नुहोस् ।




**(ग) परियोजना कार्य**

१. आफ्नो घर वा विद्यालय नजिकको कुनै एक नदी, खोलानाला र कुण्डको अवलोकन भ्रमण गर्नुहोस् । त्यसको संरक्षण गर्न के के काम गर्नुपर्ला उल्लेख गरी एक समाचारको नमुना तयार गर्नुहोस् ।

## पाठ २ : सामुदायिक वन र जडीबुटी

सम्पदा भनेको कुनै देश, समाज वा समुदायको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक वा अन्य महत्त्वपूर्ण सम्पत्ति हो । वन हाम्रो महत्त्वपूर्ण आर्थिक र प्राकृतिक सम्पदा हो । वनजङ्गल प्राणीहरूका लागि धेरै उपयोगी हुन्छ । मानिसले दाउरा, काठ, जडीबुटी आदिमा वनजङ्गलको प्रयोग गर्छन् । आफू बस्नका लागि वातावरण र

जिउनका लागि चाहिने अक्सिजन पनि वनजङ्गलबाट प्राप्त हुन्छ । कैलाशका सामुदायिक वनमा  चिलाउने, पाँचऔँले, चिराइतो, निम, हर्रो, बर्रो, अमला, सर्पगन्धा, जटामसी, टिम्मुर आदिजस्ता जडीबुटी पाइन्छन् । यी जडीबुटीबाट विभिन्न रोगका औषधी बनाउन सकिन्छ । यहाँ मयूर, पाटेबाघ, चितुवा आदि जस्ता जीवजन्तु पाइन्छन् । यसका लागि उचित प्रयोग र संरक्षणको आवश्यकता पर्दछ । खौबास, महाभारत लेक, कालीदेवी, कटहरे, जतनकालिका आदि कैलाश गाउँपालिकाका सामुदायिक वनहरू हुन् । यी वनहरूको सङ्क्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।



**(क) खौवास वन**

खौवास वन सामुदायिक वन अन्तर्गत पर्दछ । यो वन कैलाशको वडा नं. ....पर्छ । यो वनमा बोटबिरुवा, कन्दमूल र जडीबुटीहरू पाइन्छन् ।

**(ख) महाभारत लेक**

महाभारत लेक कैलाश गाउँपालिकाको वडा नं.२ मा अवस्थित छ । यो लेकलाई बोल्ने लेक अर्थात् बोल्ने गुफा पनि भनिन्छ, । यो कैलाशको सबैभन्दा अग्लो स्थानमा रहेको वन हो । यो वनमा गुराँस पाँचऔले, ठुलो ओखती, सर्पगन्धा आदि अमूल्य जडिबुटीहरू पाइन्छ ।

**(ग) कटहरे वन**

कटहरे सामुदायिक वन वडा नं. ......मा पर्छ। यो वन सामुदायिक वन हो। यो वनबाट समुदायलाई प्रशस्त फाइदा मिलेको छ। दाउरा बेचबिखन गरी गाउँपालिकालाइ आम्दानी प्राप्त हुन्छ। यो वनमा कन्दमूल, जडीबुटी पाइन्छ।

**(घ) कालीदेवी वन**

कालीदेवी वन कैलाश गाउँपालिका वडा नं. मा अवस्थित वन हो। यो वन सामुदायिक वन हो। यो वनबाट समुदायलाई प्रशस्त फाइदा मिलेको छ। दाउरा बेचबिखन गरी गाउँपालिकालाइ आम्दानी प्राप्त हुन्छ। यो वनमा कन्दमूल, जडीबुटी, चिलाउनेजस्ता बोटबिरुवा पाइन्छ।

**(ङ) जतनकालिका वन**

कैलाशको वडा नं. २ मा अवस्थित जतनकालिका वन हो। यो वनमा विशेष गरेर सालका रुखहरू पाइन्छन्। यो वनमा अन्य बोटबिरुवा, कन्दमुल र जडीबुटी पनि पाइन्छन्।

कैलाश गाउँपालिकाको भूधरातल, हावापानी र माटोमा विविधता छ। यस क्षेत्रमा विभिन्न किसिमका वनजङ्गल र वनस्पतिहरू पाइन्छन्। पशुपालन व्यवसायका लागि आवश्यक पर्ने घाँस स्याउला, सोत्तरको प्रमुख स्रोत वनजङ्गल नै हो। वनजङ्गल वन्यजन्तु र पशुपन्छीको वासस्थान हो। ठुला वनजङ्गल भएका ठाउँमा निकुञ्ज, आरक्षण केन्द्र, सिकार क्षेत्र स्थापना गर्न सकिन्छ। त्यसैले वनको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।

प्राकृतिक सम्पदाको संरक्षण गर्ने विभिन्न उपायहरू छन्। ती उपायहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

(क) वन तथा जैविक विविधताको संरक्षण

- वन फडानी रोक्ने
- वृक्षरोपण गर्ने
- राष्ट्रिय निकुञ्ज तथा संरक्षित वनको सुरक्षा गर्ने
- अवैध शिकार तथा वन्यजन्तु तस्करी रोक्ने

(ख) जलस्रोतको संरक्षण

- नदी, ताल, झरना तथा अन्य जलस्रोतहरू सफा राख्ने
- पानी बचत गर्ने
- जल प्रदूक्षण रोक्ने (फोहोर नफाल्ने, विषादी प्रयोग नगर्ने)

(ग) माटो तथा भू-संरक्षण

- माटो क्षय रोक्ने
- जैविक तथा कम्पोष्ट मल प्रयोग गर्ने
- जमिनको उचित उपयोग गर्ने

(घ) हावा तथा वातावरणको संरक्षण

- वायु प्रदूषण कम गर्ने
- फोहोर व्यवस्थापन गर्ने (पुनः प्रयोग)
- प्लास्टिक तथा हानिकारक रसायनको प्रयोग कम गर्ने

(ङ) स्थानीय समुदायको सहभागिता

- प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने
- स्थानीय जनताको सहभागिता र जागरूकता बढाउने
- सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा संरक्षण कार्यक्रम सञ्चालन गर्ने

(च) कानुनी तथा सरकारी प्रयास

- प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी कानुन बनाउने र कार्यान्वयन गर्ने

यी उपायहरू अपनाएर प्राकृतिक सम्पदाको संरक्षण गर्न सकिन्छ ।

*चित्र : महाभारत लेक, खौबास, कटहरे र जतनकालिका वनको तस्बिर*

**(क) कियाकलाप**

१. वरपरका प्राकृतिक स्रोत तथा सम्पदाहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. सम्पदा भनेको के हो रु

२. कैलाश गाउँपालिकाको सामुदायिक वनमा  कुन कुन जडीबुटी पाइन्छन्, तिनको सूची तयार गर्नुहोस् । कुनै एकको उपयोगिता लेख्नुहोस् ।

३. प्राकृतिक सम्पदाको संरक्षण गर्ने उपायहहरू उल्लेख गर्नुहोस् ।

**(ग) परियोजना कार्य**

१. नजिकको कुनै एक प्राकृतिक सम्पदाको अवलोकन भ्रमण गर्नुहोस् । उक्त सम्पदाको वरिपरि भएका वस्तुहरू टिपोट गरी एक अनुच्छेद लेख्नुहोस् ।

## पाठ ३ : प्राकृतिक स्रोत र सम्पदा

प्राकृतिक संसाधनहरू समयको सुरूदेखि नै प्रकृतिमा रहेका छन् । सूर्यको प्रकाश, हावा र पानी जस्ता प्राकृतिक संसाधनहरू बिना पृथ्वीमा बाँच्न असम्भव छ । अन्य प्राकृतिक स्रोतसाधन पनि एक महत्त्वपूर्ण हिस्सा हो  । यी हाम्रा लागि आवश्यक छन् । प्राकृतिक स्रोतहरू मानिसलगायत जीवित प्राणीहरूको आधारभूत आवश्यकता पूरा गर्ने आधार हो । **प्राकृतिक स्रोतहरूको उपयोग**

(क) सूर्यको प्रकाश

यो सौर्य ऊर्जा उत्पादन गर्न प्रयोग गरिन्छ जुन बिभिन्न उपकरणहरूको प्रयोगमा मद्दत गर्दछ । सूर्य प्रकाशले प्रकाश संश्लेषणको प्रक्रियालाई पनि सक्षम गर्दछ ।

(ख) हावा

हावा, वायु ऊर्जा उत्पादन गर्न प्रयोग गरिन्छ । यो विभिन्न उद्देश्यहरूका लागि प्रयोग गरिन्छ । जस्तै खाद्यान्न पीस्न र पानी तान्न ।

(ग) पानी

पानी जलविद्युत उर्जा उत्पादन गर्न प्रयोग गरिन्छ तथा सफा र पकाउने जस्ता धेरै उद्देश्यका लागि।

(घ) खनिजहरू

सुन र चाँदी जस्ता बनाउनका लागि खनिज पदार्थ प्रयोग गरिन्छ ।

(ङ) प्राकृतिक ग्यासः - यी विद्युत उत्पादन गर्न प्रयोग गरिन्छ । खाना पकाउन पनि यसको प्रयोग गर्न सकिन्छ

(च) कोइला यो एक प्राकृतिक स्रोत हो । यो बिजुली उत्पादनका लागि प्रयोग गरिन्छ ।

(छ) बोटबिरुवा

बोटबिरुवाबाट काठ, फलफूल र तरकारीहरू प्राप्त गर्न सकिन्छ । फर्निचर, कागज र अन्य उत्पादनहरू बनाउन काठ प्रयोग हुन्छ ।

(ज) जनावरहरू

जनावरहरूबाट धेरै प्राकृतिक स्रोतहरू प्राप्त हुन्छन् । उदाहरणका लागि जस्तो दूधबाट दही, चीज, मखन र अन्य धेरै दुधजन्य पदार्थहरू बनाउन सकिन्छ । जनावरको रौँबाट ऊनीको स्वेटर र टोपी, तिनीहरूको छालाबाट पेटी(बेल्ट) र झोला, रेशम साडी बनाउन सकिन्छ ।

प्राकृतिक स्रोत र सम्पदा हाम्रो अमूल्य सम्पत्ति हुन् । जलस्रोत, माटो, वन, खनिज, वन्यजन्तु, हावा र पानी जस्ता विविध तत्त्वहरू प्राकृतिक स्रोत र सम्पदा हुन् । यी स्रोतहरूको महत्त्व निम्नानुसार रहेका छन् :

(क) जीवनको आधार

पानी, माटो, हावा र अन्न प्राकृतिक स्रोतहरू हुन् । यी स्रोतहरू नभई बाँच्न कठिन हुन्छ ।

(ख) खाद्यन्न र पानीको आपूर्ति

कृषि उत्पादन र जलस्रोतले मानव र जनावरहरूको खाद्यन्न र पानीका आवश्यकताहरू पूरा गर्छ । माटो, पानी आदिको प्रयोगबाट कृषि उत्पादन हुन्छ । पानी जीवनका लागि अत्यन्त महत्त्वपूर्ण छ ।

(ग) आर्थिक समृद्धि

खनिज, तेल, प्राकृतिक ग्याँस, वन, जलस्रोत जस्ता प्राकृतिक सम्पदाहरू उद्योग सञ्चालनका लागि आवश्यक छन् । यी स्रोतहरूमा आधारित उद्योगहरूले रोजगारका अवसरहरू सिर्जना गर्छन् । यसले व्यक्ति र समाजको आर्थिक स्तर माथि उठाउँछ ।

(घ) पर्यटन प्रवर्धन

पर्वत, नदी, जङ्गल र अन्य प्राकृतिक स्थलहरूले पर्यटन प्रवर्धनमा सहयोग पुर्‍याउँछन् । त्यसैले प्राकृतिक स्रोत र सम्पदा हामी सबैका लागि महत्त्वपूर्ण तत्त्व हुन् । यिनको संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो ।

**(क) कियाकलाप**

१. वरपरका प्राकृतिक स्रोत तथा सम्पदाहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. प्राकृतिक स्रोत कुन कुन कामका लागि उपयोग गरिन्छ रु

२. प्राकृतिक स्रोत तथा सम्पदाहरूको महत्त्वलाई  बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

३. तलको चित्रमा उपयुक्त रङ लगाउनुहोस् ।





# एकाइ ३ : स्थानीय जातजाति, भाषा, वेशभूषा, संस्कार र चाडपर्व

सिकाइ उपलब्धि

गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरूले मनाउने मुख्य चाडपर्व र संस्कारको वर्णन गर्न र सहभागी हुन

चित्र : *चित्र : १२/१३ वर्ष केटाकेटीले आफ्नो वेषभुषामा ल्होसार मनाएको चित्र*

## पाठ एक : हाम्रो चाडपर्व र संस्कार

कैलाश गाउँपालिकामा विभिन्न समुदायका मानिस बसोबास गर्छन् । यहाँ तामाङ जातिको जनसङ्ख्या धेरै छ । त्यसपछि दोस्रोमा चेपाङ/प्रजा जातिको जनसङ्ख्या छ । कैलाश गाउँपालिकामा बसोबास गर्ने विभिन्न समुदायले मनाउने चाडपर्व र संस्कार

भिन्न भिन्न हुन्छन् । यो पाठमा तामाङ जातिले मनाउने चाडपर्व र संस्कारहरू अध्ययन गरिनेछ ।

## तामाङ जातिको चाडपर्व र संस्कार

वि.सं. २०७८ को जनगणनाअनुसार कैलाश गाउँपालिकामा १३९२७ जना तामाङ बसोबास गर्छन् । बुद्धजयन्ती, जनै पूर्णिमा र ल्होसार उनीहरूका प्रमुख चाडपर्व हुन् । उनीहरू चैते दसैं, साउने र माघे सङ्क्रान्ति, दसैं, तिहारजस्ता चाडहरू पनि मनाउने गर्छन् ।

तामाङ समुदायमा तेमाल जात्रा अत्यन्त प्रसिद्ध छ । यो जात्रा चैतपूर्णिमाको दिन लाग्छ । यो जात्रामा रातभर स्वयम्भू बौद्ध स्तूपामा बत्ती बाल्छन् । बौद्ध स्तूपाको वरिपरि रहेका मानेहरू घुमाउँछन् । यसो गर्दा धर्म हुने र मृतक आफन्तले मुक्ति पाउने जनविश्वास रहेको छ ।

*चित्र : १२/१३ वर्ष केटाकेटीले आफ्नो वेषभुषामा ल्होसार मनाएको चित्र*

तामाङहरूको जन्मदेखि मृत्युसम्मका संस्कारहरू छन् ।

(क) न्वारन

तामाङहरूको न्वारन लामाद्वारा जन्मेको ७ दिनदेखि १३ दिनसम्म गर्ने चलन छ ।

(ख) छेवार

तामाङ जातिको कपाल काट्ने चलनलाई छेवार भनिन्छ । छोराहरूको मात्र छेवार गरिन्छ । छेवार ३ देखि ७ वर्षसम्म गरिन्छ । मामाको अनुपस्थितिमा छेवार गर्न सकिँदैन र छेवार नभए अरू कर्म गर्न सकिँदैन । मामाको हातबाट कपाल काट्ने, वस्त्र दिने, टीका लगाउने र दक्षिणा दिने चलन छ । यो कार्यमा मामा, बाजे, बज्यै र मामाका सन्तानलाई सगुन लिएर जाने र उनीहरूलाई विशेष सम्मान गर्ने प्रचलन छ । यसैगरी छेवरको दिन मामाहरूलाई स्वागत र मानमर्यादा गरी सम्मान गरिन्छ । कार्य सकिएपछि बिदा हुने बेलामा मामाले भान्जालाई आर्शिवाद दिने चलन छ । आफ्नो गच्छेअनुसार उपहार दिएर मामालाई बिदा गर्ने चलन छ ।

(ग) विवाह संस्कार

तामाङहरूमा मागी र प्रेम विवाह गर्ने प्रचलन छ। यीबाहेक अन्य विवाह संस्कार पनि छन्।

(घ) मृत्यु संस्कार

मनिसको मृत्युभएपछि आफन्तहरू भेला नभई दाह संस्कार गरिदैन। बौद्ध परम्पराअनुसार लामाहरूलाई खबर गरी बौद्ध धर्मशास्त्रको विधिअनुसार फुवा गर्ने लगायतका कर्महरू घरैमा गरिन्छ। लामाले साइत हेरेर मात्र शवयात्रासहित घाटमा लाने गरिन्छ। घेवा ७ देखि १३ दिनभित्र गर्छन्। धेरैजसोले घेवा ४९ दिनपछि गर्ने चलन छ।

**(क) क्रियाकलाप**

१. तामाङ जातिको चाडपर्व र छेवारका बारेमा समूहमा छलफल गरी एक समाचारको नमुना तयार गर्नुहोस्।

**(ख) अभ्यास**

१. तामाङ जातिले मनाउने चाडपर्वहरूको सूची तयार गरी ल्होसार मनाउने तरिका उल्लेख गर्नुहोस्।

२. तामाङ जातिको विवाह संस्कार उल्लेख गर्नुहोस्।

**(ग) परियोजना कार्य**

१. तामाङ जातिको मृत्यु संस्कारका बारेमा स्थानीय जानकार व्यक्तिसँग सोधपुछ गरी एक अनुच्छेद लेख्नुहोस्।

## पाठ २ चेपाङ जातिको चाडपर्व र संस्कार

कैलाश गाउँपालिकामा २०७८ को जनगणनाअनुसार ५०२१ जना चेपाङ/प्रजाहरू बसोबास गर्छन् । चेपाङहरू वनजङ्गल नजिक, भिरालो परेको जमिन, खोला नजिक छरिएर बसोबास गरेको पाइन्छ । उनीहरूको पुर्ख्यौली पेसा खोरिया खेती हो । आजकाल यी समुदायका मानिसहरू कृषि र उद्योग व्यापारमा संलग्न छन् ।

चेपाङहरूको आफ्नो संस्कार, वेषभूषा, भाषा, संस्कृति एवम् परम्परा छ । यसैका आधारमा उनीहरूको पहिचान गर्न सकिन्छ । चेपाङहरूको मुख्य बसोबास क्षेत्रमा च्यूरीको रूख पाइन्छ । यसले पनि उनीहरूको पहिचान बोकेको छ । चेपाङ जातिको विवाहमा छोरीलाई च्यूरीको बिरुवा दिने चलन छ । चेपाङहरूको आफ्नै मातृभाषा छ । यसलाई च्योवाङ भाषा भनिन्छ ।

चेपाङहरूको परम्परागत धर्म प्राकृतिक धर्म हो । यसअनुरूप चेपाङहरूले सिमेभूमिदेखि रूखलाई समेत पूजा गर्छन् । खेतीबाली लगाउनुभन्दा अगावै भूमि पूजा गर्ने चलन छ । यो पूजा प्रायः माघ र फागुनमा गर्ने गरिन्छ । बाली पाकिसकेपछि सबैभन्दा पहिले नजिकको थानी भूमिलाई चढाइसकेपछि मात्र मकै खान्छन् । भदौमा पूजा गरिने छोनाम 'न्वागी' चेपाङहरूको सबैभन्दा ठूलो धार्मिक पूजा हो । यसलाई उनीहरू "नवाङ्गी" भन्छन् ।

चेपाङहरू लोकसंस्कृतिमा धनी छन् । उनीहरू विवाह, चाडपर्व, सामाजिक जमघटमा विभिन्न भाकाका गीतहरू गाउँछन् । चेपाङ जातिले दशैं, तिहार, माघे संक्रान्ति र साउने संक्रान्ति निकै रमाइलोसँग मनाउने गर्छन् । उनीहरू प्रत्येक बैशाख चण्डिपूर्णिमाका दिन गोठमा कुखुरा काटेर भोग दिने गर्छन् । त्यही कुखुरा काटेर भोज खाने गर्छन् । भोजमा चेलीबेटीसमेत बोलाउने चलन छ । साउन महिना अन्न भित्रिने समय भएको हुँदा खुशी मनाउन साउने सङ्क्रान्ति मान्दछन् । यस पर्वलाई अनिकाल भगाउने र सहकाल ल्याउने पर्वको रूपमा पनि हेरिन्छ ।

प्रतिवर्ष भाद्रशुक्ल पूर्णिमाका दिन चेपाङ समुदायमा न्वागी पर्व पर्दछ । यस दिन भूमिपूजा गरी आफ्ना पितृहरूलाई नयाँ खेतीको उब्जनी चढाएपछि आफूले खाने गर्दछन् । यो पर्व उनीहरू निकै रमाइलोसँग मनाउँछन् ।

दशैको पहिलो दिन घटस्थापनाका दिन जमरा राख्छन् । अष्टमी र नवमीका दिन भोग दिने चलन छ । उक्त दिनमा दाजुभाइ जम्मा भएर देवीको पुजा गर्ने, मासु, रोटी, फलफूल आदि खाने चलन छ । टीकाको दिनमा मान्यजनको हातबाट टीका लगाउने, आशिष लिने, पिङ् खेल्ने आदि गर्छन् । टीका दशमीदेखि पूर्णीमासम्म लगाउने चलन चेपाङ समुदायमा छ । तिहारका अवसरमा विशेष गरी औंसीका दिनमा गाई पूजा गर्ने र साँझमा दीपावली गर्ने चलन छ । त्यो दिन देउसी भैलो खेल्छन् । टीकाको दिन दिदी बहिनीले दाजुभाइलाई टीका लगाउने गर्छन् ।

दाजुभाइ दिदीबहिनीहरू जम्मा भएर माघे सङ्क्रान्तिलाई रमाइलोसँग मनाउँछन् । यद्यपि यसलाई दुःख निम्त्याउने सङ्क्रान्तिको रूपमा लिइन्छ । दशै, तिहारजस्ता चार्डपर्वमा रमाइलो गर्छन् । त्यस बाहेक मेलापात, दाउराघाँस गर्न जाँदा गीत गाउँछन् । कतिपय अवस्थामा केटाकेटी दोहरी गीतसमेत गाउने गर्छन् ।

पहाड र रुखहरूमा विभिन्न शक्तिले बास गरेको हुन्छ भन्ने विश्वास रहेको छ । त्यसैले पहाड र रुखहरूमा पुजा र बलि चढाउँछन् । उनीहरू विभिन्न देवदेवता र पूर्खाका आत्माको पुजा गर्छन् । घर नजिकैको कुनै एउटा रुखको फेदमा पूजा गर्ने गर्छन् । नामरुङ् चेपाङहरूका कुल देवता हुन् । उनका साथमा वर्षको एकपटक धनुष र काँडको पनि पूजा गरिन्छ ।

चेपाङ शिकारी देवतालाई खुसी पार्छन् । शिकारी देवता खुसी भए भने शिकार सजिलै उपलब्ध हुन्छ भन्ने धारणा रहेको पाइन्छ । शिकार प्राप्त भएपछि त्यसको मुटुको रगत नामरुङ् देवतालाई चढाउनु पर्ने चलन रहेको छ । भूमीदेवतालाई अन्न र फलफूलको उत्पादन राम्रो होस्, भनेर पूजा गर्ने परम्परा छ । चेपाङहरू आफैलाई हैजा, दादुरा आदि महामारी रोग नलागोस् भनी आइतवारको पूजा गर्छन् ।

चेपाङ समुदायका कतिपय संस्कार हिन्दु धर्म परम्पराअनुसार छन् । कतिपय आफ्नो छुट्टै पहिचान बोकेका मौलिक संस्कारहरू छन् । आर्थिक विपन्नताका बिचमा पनि चेपाङ समुदायमा प्रचलित चाडपर्व खुसीका साथ मनाउने गरेको पाइन्छ ।

*चित्र : चिउरीको बोट र चेपाङ(१६ वर्ष) को चित्र*



**(क) क्रियाकलाप**

१. चेपाङ/प्रजा जातिको चाडपर्व र विवाह संस्कार उल्लेख गर्दै आफ्नो साथीलाई पत्र लेख्नुहोस् ।

**(ख) अभ्यास**

१. चेपाङ/प्रजा जातिको जन्म संस्कार उल्लेख गर्नुहोस् ।

२.

**(ग) जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (१) चेपाङ | (१) चिउरीको बोट |
| (२) विवाह | (२) नामरुङ |
| (३) रगत | (३) जनैपूर्णिमा |

(४)                                    (४) न्वागी

## पाठ ३ : बाहुन, क्षेत्री र मगर जातिको चाडपर्व र संस्कार

भाइबहिनी हो, यो पाठमा हामी बाहुन, क्षेत्री र मगरको चाडपर्व र संस्कारको सम्बन्धमा अध्ययन गर्नेछौँ । चाडपर्व र संस्कारले जातीय पहिचान दिएको छ । विभिन्न जातजातिबिच सद्भाव, सहकार्य र आपसी मेलमिलाप कायम भएको छ । विविधताबिच एकता नै हाम्रो समाजको विशेषता हो ।

### (क) बाहुन र क्षेत्रीले मनाउने चाडपर्व र संस्कार

दशैँ नेपालीहरूको प्रमुख पर्व हो । दशैँ, तिहार, माघे सङ्क्रान्ति, रामनवमी, साउने सङ्क्रान्ति कृष्णाष्टमी, तीज, फागु पूर्णिमा, आदि बाहुन क्षेत्रीले मनाउने मुख्य चाडपर्व हुन् । आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म १० दिन दशैँ मनाइन्छ । यो चाड पुजापाठ, व्रत र उत्सवकासाथ मनाइन्छ । विजयदशमी हर्ष एवम् उल्लास तथा विजयको पर्व हो । यसैको खुसियालीमा यो पर्व मनाउने चलन छ । यसैगरी माघे सङ्क्रान्ति, रामनवमी, साउने सङ्क्रान्ति कृष्णाष्टमी, तीज, फागु पूर्णिमा पनि हर्ष एवम् उल्लासका साथ मनाइन्छ ।

*चित्र : दशैँमा टीका लगाएको तस्बिर*

**संस्कार**

ब्राह्मण र क्षेत्री समुदायका मानिसहरूले विशेष संस्कारहरू पालना गर्छन् । यी संस्कारहरू जन्मदेखि मृत्युसम्म विभिन्न चरणहरूमा गरिन्छन् ।

(क) नामकरण संस्कार

बच्चा जन्मेको ११ औं दिनमा घरमा धार्मिक विधिअनुसार नामकरण गरिन्छ । यसलाई नाम राख्ने संस्कार अर्थात् न्वारन भनिन्छ । पण्डितले ग्रह र नक्षत्र हेरेर नामकरण गर्छन् ।

(ख) अन्नप्राशन संस्कार (पहिलो अन्न खाने संस्कार)

बच्चा छ महिना पुगेपछि पहिलो चोटि अन्न (खीर) खुवाउने चलन छ । विशेष गरी छोरालाई ६ महिना र छोरीलाई ५ महिनामा यो संस्कार गरिन्छ ।

(ग) उपनयन संस्कार (जनै लगाउने संस्कार)

ब्राह्मण र क्षेत्री समुदायमा छोराहरूलाई ७, ९ वा ११ वर्षको उमेरमा जनै (यज्ञोपवित) लगाइन्छ ।

(घ) विवाह संस्कार (विवाह गरिने संस्कार)

ब्राह्मण र क्षेत्री समुदायमा कुल परम्पराअनुसार विवाह गर्ने चलन छ ।

(ङ) अन्त्येष्टि संस्कार

मृत शरीरलाई दागबत्ती दिएर दाहसंस्कार गरिन्छ । तेह्र दिनसम्म काजक्रिया गर्ने चलन रहेको छ ।

ब्राह्मण र क्षेत्री समुदायका संस्कारहरूको मूल उद्देश्य जीवनलाई नैतिक, धार्मिक र आध्यात्मिक मार्गमा डोर्‍याउनु हो ।

## (ख) मगर जातिको चाडपर्व र संस्कार

कैलाश गाउँपालिकामा मगरहरूको जनसंख्या ४९३ रहेको छ । उनीहरूले मनाउने का विभिन्न चाडपर्व छन् । माघे सङ्क्रान्ति(चेली पुज्ने), चण्डी पूर्णिमा, भुमे/भुम्या/भूँयार, चैते दशै, दशै, तिहार मुख्य चाडपर्वहरू हुन् । यी पर्वहरू विशेष हर्ष उल्लासका साथ

मनाउँछन् । मगरहरू नाग पुजा, लुतो फाल्ने जस्ता चाडपर्व पनि मनाउँछन् । मगर समुदायका प्रमुख चाडपर्वहरूमध्ये माघे सङ्क्रान्ति मगरहरूको नयाँ वर्ष र प्रमुख चाड हो । यस दिन तिलको लड्डु, घिउ, चाकु, तरुल आदि खाने परम्परा छ । मगर समुदायका प्रमुख अर्को चाड दशैं र तिहार हो । यो चाड  पनि खुसीका साथ रमाइलो गरी मनाउँछन् । मगर समुदायका अर्को चाड चैते दशैं हो । यो चाड पनि विशेष हर्ष उल्लासका साथ मनाउँछन् । त्यसैगरी  खेतीपाती सुरु गर्नुअघि गरिने भूमि पुजा मगर समुदायमा विशेष महत्त्वपूर्ण रहेको छ ।

मगरहरूको आफ्नै भाषा छ । उनीहरू मगर भाषा र नेपाली भाषा पनि बोल्छन् । मगर समुदाय भित्र साँस्कृतिक विविधता पाइन्छ । यिनीहरू साँस्कृतिक रूपमा निकै सम्पन्न छन् ।  मगर समुदायको आफ्नै विशिष्ट परम्परा, भाषा, संस्कृति र धार्मिक आस्थाहरू छन् । जन्म, उपनयन, विवाह र मृत्यु मगर जातिका संस्कार हुन् । तिनको सङ्क्षिप्त विवरण यहाँ दिइएको छ :

(क) जन्म संस्कार

बच्चा जन्मेको ५, ७ वा ९ दिनमा छेवार (न्वारन) गरिन्छ, गरिन्छ । न्वारनको दिन बच्चालाई नाम राख्ने, कुल देवतालाई पूजा गर्ने, तथा परिवारजनले शुभकामना दिने चलन छ । मगर समुदायमा आमा र बच्चालाई केही दिनसम्म अलग्गै राख्ने परम्परा पनि छ ।

(ख) उपनयन (ब्रतबन्ध) संस्कार

मगर समुदायमा बालकहरू युवावस्थामा प्रवेश गर्दा सामुदायिक रूपमा छेवार (पहिलो कपाल मुण्डन संस्कार) गर्ने चलन रहेको छ ।

(ग) विवाह संस्कार

मगर समुदायमा परिवारको सहमतिमा मागी विवाह, प्रेम विवाह गर्ने प्रचलन छ । विवाहमा परम्परागत बाजाहरू बजाइन्छ । विवाहपछि दुलहीको घरमा स्वागत गर्न भोज तथा रमाइलो गरिन्छ ।

(घ) मृत्यु संस्कार

मगर समुदायमा शवलाई जलाउने वा गाड्ने दुवै विधि प्रचलित छ । मृतकको आत्माले शान्ति पाओस् भनेर १३ दिनसम्म काजकिरिया (श्राद्ध) गरिन्छ ।

मगर जातिका संस्कारहरू उनीहरूको ऐतिहासिक, धार्मिक र सांस्कृतिक मान्यतासँग गाँसिएका छन् । मगर समुदायको भाषा, संस्कृति, परम्परा र धार्मिक आस्था विविध छन् । तिनीहरूको संरक्षण गर्नु आजको आवश्यकता हो ।

**(क) क्रियाकलाप**

१. बाहुन क्षेत्रीको संस्कार र मगर जातिको संस्कारमा भएको भिन्नता उल्लेख गरी साथलिाई चिठी लेख्नुहोस् ।

**(ख) अभ्यास**

१. मगर जातिको बसोबासको बाहुलयता रहेको स्थल पहिचान गरी तिनको सूची तयार गर्नुहोस् ।

२. बाहुन क्षेत्रीको जन्म र उपनयन संस्कारमा कुनकुन कार्यहरू गरिन्छन् लेख्नुहोस् ।

३. मगर जातिको विवाह र मृत्यु संस्कार तलको तालिकामा लेख्नुहोस् :

| मगर जाति | विवाह संस्कार | मृत्यु संस्कार |
|---|---|---|
| | | |
| | | |

## एकाइ ४ : स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल

सिकाइ उपलब्धि

स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको परिचय दिन र संरक्षणमा सहयोग पुर्‍याउन



## पाठ एक : कैलाश गाउँपालिकाका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल

कैलाश गाउँपालिकामा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल छन् । गाउँपालिकाभित्र रहेका गुप्तेश्वर गुफा, डाँफे मुनाल पार्क, अमृतपानी, बुर्जा डाँडा, जलेश्वरीदेवी, लाली गुराँस स्मारक, वृषेश्वर महादेव, वागेश्वरी, जुरेवाङ, बाउने कालिका देवी, कोथलीटार चर्च छन् ।

(क) गुप्तेश्वर गुफा

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर १ र २ को सीमानामा प्राकृतिक गुप्तेश्वरी गुफा रहेको छ । यो गुफा करिव २०० मिटर लामो रहेको छ । यस गुफाभित्र अमृत धाराबाट जल झरेर शिवलिङ्गमा अर्पण भएको देख्न सकिन्छ । यो गुफा घुमाउरो आकारको रहेको छ । गुफाको भित्री भागमा दुईवटा कोठा जस्तै आकार रहेको छ । गुफाभित्र गएर हेर्दा हीरा जस्तो चम्कने शिला, हात्तीको सुँडको आकार, कलात्मक आकार ,चिलको आकृति, शिवलिङ्ग र खेतका गह्रा जस्ता आकृतिहरु देख्न सकिन्छ । यो गुफा घट्टे खोलाको किनारमा अवस्थित छ । महादेव लुक्दै जाने क्रममा खोलाखर्क र बैकुण्ठको सीमानामा पर्ने कुल ढुङ्गामा लुक्न पुगेको जनविश्वास छ । महादेव लुकेको गुफा भएकोले यसको नामकरण गुप्तेश्वर रहन गएको हो । यो गुफा थाहा नगरपालिकाबाट करिब तीन घण्टा यात्रा गर्दा पुग्न सकिन्छ ।

(ख) डाँफे मुनाल पार्क

*चित्र :* कैलाश गुफा, डाँफे मुनाल पार्क, अमृतपानी, बुर्जा डाँडा, जलेश्वरीदेवी, लाली गुराँस स्मारक, वृषेश्वर महादेव, वागेश्वरी, जुरेवाङ, बाउने कालिका देवी





## (क) क्रियाकलाप

१. विद्यालय नजिक रहेको कुनै एक ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरूको स्थलगत अवलोकन गरी समाचारको नमुना तयार पार्नुहोस् ।

२. स्थानीय जानकार व्यक्तिसँग ऐतिहासिक तथा धार्मिक ठाउँहरूको महत्त्व र प्रवर्धनका बारेमा अन्तरक्रिया गरी एक अनुच्छेद लेख्नुहोस् ।

## (ख) अभ्यास

१. ऐतिहासिक स्थल विष्णुकुण्डको छोटो परिचय दिनुहोस् ।

२. गुप्तेश्वरी गुफाको प्रर्वधन र संरक्षण गर्न के के काम  गर्नुपर्ला, उल्लेख गर्नुहोस् ।

३. धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्धनमा स्थानीय समुदाय र विद्यार्थीको भूमिका उल्लेख गर्नुहोस् ।

## (ग) परियोजना कार्य

१. ऐतिहासिक तथा पर्यटकीय स्थल डाँफे मुनाल पार्कको स्थलगत अवलोकन भ्रमण गरी त्यहाँ वरिपरि रहेका प्राकृतिक वस्तुहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पाठ २ : धार्मिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण र प्रर्वधन

(क) मर्मत तथा पुनः निर्माण गर्ने

पुराना हुँदै गएका सम्पदाहरूको मर्मत, रङरोगन र सरसफाइमा विशेष ध्यान दिनुपर्छ। त्यसैगरी धेरै पुरानो भएर भत्किन लागेका सम्पदाहरूको पुनः निर्माण गर्ने कार्यमा जोड दिनुपर्छ ।

(ख) अतिक्रमणबाट जोगाउने

सम्पदा रहेको जमिन अतिक्रमण गरेर मानिसले आफ्ना घर, टहराहरू निर्माण गरिरहेका छन् । स्थानीय सरकारले यसरी निर्माण भइसकेका घर टहराहरू हटाउने र अरू निर्माण हुन नदिने कार्यमा ध्यान दिनुपर्छ ।

ग) सुरक्षा व्यवस्था मिलाउने

धार्मिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने जिम्मा सेना तथा प्रहरीहरूलाई दिनुपर्छ । सम्पदामा रहेका वस्तुहरू चोरी हुनबाट बचाउनुपर्छ ।

(घ) प्रचार प्रसार गर्ने

विभिन्न सञ्चारका माध्यमहरूबाट आफ्ना सम्पदाहरूलाई नेपाल र विश्वभर चिनाउने प्रयास गर्नुपर्छ । जति धेरै प्रचार गर्दै गयो त्यति बढी पर्यटकहरू आउने हुँदा यस्ता सम्पदाबाट प्रशस्त आम्दानी लिने प्रयास गर्नुपर्छ ।

ङ) जनचेतना जगाउने

धार्मिक र ऐतिहासिक सम्पदाहरूको महत्त्व र संरक्षण गर्ने उपायका सम्बन्धमा समुदायका मानिसलाई चेतना दिनुपर्छ । त्यसैगरी सम्पदाको निर्माण गर्ने, मर्मत गर्ने तथा सरसफाइ गर्ने कार्यमा जनसहभागिता जुटाउनुपर्छ ।

**सम्पदा संरक्षणमा विद्यार्थीको भूमिका**

सम्पदा कुनै पनि राष्ट्रको पहिचान, इतिहास र संस्कृति झल्काउने महत्त्वपूर्ण सम्पत्ति हो । सम्पदाको संरक्षण सबै नागरिकको दायित्व हो तापनि विद्यार्थीहरूले विशेष रूपमा योगदान पुर्‍याउनुपर्छ । उनीहरूको ऊर्जा, जोश र शिक्षाको प्रयोग गरी सम्पदा जगेर्ना गर्न महत्त्वपूर्ण भुमिका निर्वाह गर्नुपर्छ ।

- सामाजिक सञ्जाल, पोस्टर, तथा विभिन्न अभियानहरूमार्फत सम्पदाको महत्त्वको बारेमा जानकारी दिने ।
- स्कूल र कलेजमा गोष्ठी तथा सेमिनारको आयोजना गरी जनचेतना फैलाउने
- स्वयम्सेवा र सरसफाइ अभियान सञ्चालन गर्ने ।
- पुरातात्विक स्थलहरू, मन्दिर, गुम्बा, तथा ऐतिहासिक ठाउँहरूको सरसफाइ अभियान सञ्चालन गर्ने ।
- साना बालबालिकालाई सम्पदाको महत्त्व सिकाउने ।
- स्थानीय समुदायसँग मिलेर सम्पदा संरक्षणसम्बन्धी कार्यक्रम गर्ने ।
- सम्पदा बचाउनका लागि आवश्यक कानुनी जानकारी हासिल गरी यसको पालना गराउने ।
- स्थानीय सम्पदाको प्रचार गर्ने र विदेशी तथा स्वदेशी पर्यटकलाई मार्गदर्शन गर्ने ।
- सम्पदालाई प्रविधिको माध्यम फोटोग्राफी, भिडियो आदिबाट प्रचारप्रसार गर्ने
- सम्पदा संरक्षणमा प्रविधिको प्रयोग गरी नयाँ नयाँ उपाय अपनाउने ।
- वृत्तचित्र, नाटक र पुस्तकहरूमार्फत सम्पदाको महत्त्व दर्शाउने ।

त्यसैले विद्यार्थीहरूले धार्मिक र ऐतिहासिक स्थलको संरक्षणमा आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।



(क) क्रियाकलाप

१. सम्पदा संरक्षणका लागि विद्यार्थीले गर्नुपर्ने कार्यहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस्

(ख) अभ्यास

१. धार्मिक तथा ऐतिहासिक सम्पदाको प्रर्वधन र संरक्षण गर्न के के काम गर्नुपर्ला, उल्लेख गर्नुहोस् ।

२. धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्धनमा स्थानीय समुदायको भूमिका उल्लेख गर्नुहोस् ।

(ग) परियोजना कार्य

१. ऐतिहासिक तथा पर्यटकीय स्थल लाली गुराँस स्मारकको स्थलगत अवलोकन भ्रमण गरी त्यसको संरक्षण गर्न कुन कुन काम गर्नुपर्ने रहेछ टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् र आफ्नो अभिभावकलाई पनि सुनाउनुहोस् ।

# एकाइ ५ : स्थानीय पेसा, व्यवसाय र प्रविधि

## सिकाइ उपलब्धि

स्थानीय उद्योगहरूमा प्रयोग हुने कच्चा पदार्थ र उत्पादन हुने सामान समेटी सामान्य परियोजना कार्य गर्न

चित्र : भेडा र ऊनको तस्बिर

## पाठ एक : उद्योग

यो पाठमा हाम्रो समुदायमा रहेका उद्योगहरू, त्यसमा प्रयोग हुने कच्चा पदार्थ र उत्पादन हुने सामानका सम्बन्धमा अध्ययन गर्नेछौँ ।

सामान्य अर्थमा घरेलु उद्योग भनेको घरघरमा सञ्चालन गर्ने उद्योग हो । स्थानीय कच्चा सामानलाई प्रयोग गरी फुर्सदको समयमा आफ्नो परिवारका सदस्यहरूबाट गर्ने व्यवसायलाई घरेलु उद्योग भनिन्छ । परम्परागत सिप र प्रविधिमा आधारित उद्योग घरेलु उद्योग हो । श्रममूलक र स्थानीय कच्चा पदार्थमा आधारित र कम क्षमताको विद्युतीय उर्जा प्रयोग भएको उद्योग घरेलु उद्योग हो । जस्तै : हाते तान, राडीपाखी, गलैँचा, हाते कागज, खुकुरी, हँसिया, कुटो, कोदालो, डोका डाला, दाम्ला, नाम्ला, डोरी, डेस्क, बेञ्च, कुर्सी आदि हुन् । हामीलाई आवश्यक पर्ने सामान घरेलु उद्योगबाट प्राप्त हुन्छन् । कुनै पेसा, व्यवसाय र उद्यम गरी जीवनस्तर माथि उठाउनुपर्छ ।

### उद्योग, प्रयोग हुने कच्चा पदार्थ र उत्पादन हुने सामान

| उद्योग | प्रयोग हुने कच्चा पदार्थ | उत्पादन हुने सामान |
|---|---|---|
| आरन | फलाम | खुकुरी, हँसिया, कुटो, कोदालो |

| | | |
|---|---|---|
| जुस | फलफुल | जुस |
| इँटा | माटो | इँटा |
| घरेलु | बाँस वा निगालाको चोया | डोका डाला, भकारी |
| फर्निचर | काठ | डेस्क, बेञ्च, कुर्सी, पलङ |
| घरेलु | जुट र बाबियो | दाम्ला, नाम्ला, डोरी, |
| राडीपाखी, गलैंचा | एुन | राडीपाखी, गलैंचा |

स्थानीय स्तरमा सञ्चालित साना उद्योगहरू कैलाश गाउँपालिकामा सञ्चालित छन् । यस गाउँपालिकामा पर्याप्त मात्रामा बाँस र निगालो पाइन्छ । बाँस र निगालोको चोयाबाट भकारी, मान्द्रो, डोका, डाला बुन्न सकिन्छ ।



ऊनबाट राडीपाखी बन्छ । ऊन भेडा, च्याङग्रा र खरायोको रौँबाट बन्छ । काठबाट डेस्क बेञ्च, कुर्सी,टेबल आदि बन्छ । वनजङ्गलबाट काठ प्राप्त हुन्छ । काठबाट पलङ, मेच, टेबुल, दराज आदि फर्निचर बनाउन सकिन्छ । घरेलु तथा साना उद्योग सञ्चालन गर्न सकेमा गाउँपालिकालाई आवश्यक पर्ने सामान बाहिरबाट पनेर ल्याउनु पर्दैन । यसबाट हाम्रो गाउँको पैसा बाहिर जाँदैन । यहाँ सञ्चालित उद्योगहरूको सामान बिक्रीवितरण हुन्छ र यसबाट उद्योगपतिहरूलाई फाइदा हुन्छ । फलफूलहरूबाट जुस

बानाउन सकिन्छ । यी सबै उद्योगबाट आय आर्जन गर्न सकिन्छ । यसबाट मानिसको जीवनस्तर माथि उठ्छ ।





आज हामीले स्थानीय स्तरमा सञ्चालन भएका उद्योगहरू, त्यसका लागि आवश्यक कच्चा पदार्थ र उत्पादन हुन सक्ने सामग्रीको जानकारी प्राप्त गर्‍यौं ।

**(क) क्रियाकलाप**

१. स्थानीय उद्योगहरू अवलोकन गरी यसमा प्रयोग हुने कच्चा पदार्थ र उत्पादन हुने सामान समेटी समाचारको नमुना तयार गर्नुहोस् ।

**(ख) अभ्यास**

१. तपाईंको आफ्नो गाउँपालिकामा सञ्चालित उद्योगहरूको सूची तयार गर्नुहोस् ।

२. तपाईंको गाउँमा उत्पादन हुने सामानहरूको नाम लेखी कुनै एकको प्रयोग उल्लेख गर्नुहोस् ।

३. तपाईंको घरमा प्रयोग हुने सामानहरू कहाँ उत्पादन भएका हुन् हेरेर लेख्नुहोस् ।

३. तल दिएका सामानहरू केबाट बन्छ, घरका अभिभावकलाई सोधेर लेख्नुहोस् ।

(क) जुस

(ख) कापी

(ग) चिनी

(घ) साबुन

४. तलको चित्रमा उपयुक्त रङ भर्नुहोस् ।



## पाठ २ स्थानीय घरेलु उद्योग

कैलाश गाउँपालिकामा घरेलु तथा साना उद्योगहरू सञ्चालित छन् । ती मध्ये यो पाठमा हामी घरमा फलफुलको जुस बनाउने तरिका सम्बन्धमा अध्ययन गर्नेछौँ । तपाईहरूले पनि जुस बनाउने तरिका सिकी घरमा फलफुलको जुस बनाउनुपर्छ र त्यसको स्वाद लिनुपर्छ ।

### घरमा फलफुलको जुस बनाउने तरिका

फलफुलको जुस बनाउनका लागि तपाईंले निम्नानुसारका चरणहरू पालना गर्नुपर्छ :

(क) सबभन्दा पहिले आवश्यक सामग्री जुटाउनुपर्छ । जस्तै : फलफुलहरू सुन्तला, आँप, केरा, स्ट्रबेरी, अनार, अङ्गुर, आदि), चिनी वा मह, पानी वा दूध, बरफका टुक्रा( आवश्यक भएमा) र कागतीको रस, आदि ।

(ख) बनाउने विधि

(अ) फलफुल तयार पार्नुहोस् ।

(आ) ताजा फलफुल छान्नुहोस् ।

(इ) राम्रोसँग धोएर बोका फल्नुहोस् (आवश्यक परेमा)।

(ई) साना टुक्राहरूमा काट्नुहोस् ।

(उ) मिक्सर वा जुसर प्रयोग गर्नुहोस् ।

(ऊ) मिक्सर ग्राइन्डर वा जुसरमा फलफुल हाल्नुहोस् ।

(ए) आवश्यकता अनुसार चिनी वा मह मिलाउनुहोस् ।

(ऐ) जुसलाई पातलो बनाउन चाहनुहुन्छ भने थोरै पानी वा दूध थप्नुहोस् ।

(ओ) नरम र गाढा जुस नबनेसम्म राम्रोसँग घोल्नुहोस् ।

यसरी जुस तयार गर्न सकिन्छ ।

**पिउने तरिका**

(क) तयार भएको जुसलाई गिलास वा कचौरामा हाल्नुहोस् ।

(ख) आवश्यक भएमा बरफका टुक्रा थपेर ताजा र चिसो बनाउनुहोस् ।

(ग) स्वाद बढाउन कागतीको रस वा टुक्रा हाल्न सक्नुहुन्छ ।

**थप सुझाव**

जुसमा दूध र बदाम थपेर झन् स्वादिलो बनाउन सकिन्छ ।

स्वास्थ्यको लागि चिनीको साटो मह वा सखर प्रयोग गर्न सकिने छ ।

दुई वा दुईभन्दा बढी फलफुलको संयोजन गरेर नयाँ स्वादको जुस बनाउन सकिन्छ ।

यसरी सजिलै घरमै स्वस्थकर फलफुलको जुस बनाउन सक्नुहुन्छ । यसले तपाइँमा जुस बनाउने सिप विकास हुनेछ । घरमा आमाबालाई पनि यो तरिका सिकाउन सकिने छ ।

**(क) क्रियाकलाप**

१. घरमा स्वस्थकर फलफुलको जुस बनाउने अभ्यास गर्नुहोस् ।

२. आफ्नो टोलका अभिभावक भेला गरी फलफुलको जुस बनाउने तरिका सुनाउनुहोस् ।

**(ख) अभ्यास**

१. फलफुलको जुस बनाउने तरिका उल्लेख गर्नुहोस् ।

**(ग) परियोजना कार्य**

१. कैलाश गाउँपालिकामा फलफुलको जुस बनाउने व्यक्तिको खोजी गरी तल दिइएको बुँदाका आधारमा टिपोट गर्नुहोस् :

(क) व्यक्तिको नाम :

(ख) काम सुरु गरेको वर्ष :

(ग) जुस बनाउने तरिका

(घ) प्रयोग गर्ने तरिका :

## एकाइ ६ : स्थानीय सेवामूलक संघसंस्था, सहकारी र समाजसेवी व्यक्ति

सिकाइ उपलब्धि

स्थानीय सेवामूलक संघसंस्था, सहकारी, समाजसेवी व्यक्तिको परिचय दिन

**चित्र : विद्यालयको तस्बिर**

## पाठ एक : विद्यालय तथा स्वास्थ्य र प्रहरी चौकी,

### १. विद्यालय

विद्यालयमा पठनपाठन, अतिरिक्त क्रियाकलाप, खेलकुद, नाचगानमार्फत् बालबालिकालाई ज्ञान, सिप र व्यवहार सिकाइन्छ । विद्यालयलाई आधारभूत र माध्यमिक तह गरी दुई तहमा विभाजन गरिएको छ । यसमा प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा १२ सम्म अध्ययन गराउने विद्यालयहरू पर्छन् । प्रारम्भिक बालविकास शिक्षादेखि आठ कक्षासम्म अध्यापन गराउने विद्यालय आधारभूत तह हो । कक्षा नौदेखि १२ सम्म अध्यापन गराउने विद्यालय माध्यमिक तह हो । कैलाश गाउँपालिकामा आधारभूत तहका ..... र माध्यमिक तहका ...... विद्यालय छन् ।

### २. स्वास्थ्य चौकी

स्वास्थ्य चौकी भनेको ग्रामीण तथा अर्ध-सहरी क्षेत्रहरूमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने प्राथमिक स्वास्थ्य केन्द्र हो । यो सरकार वा समुदायद्वारा सञ्चालित छ ।

नागरिकहरूलाई प्राथमिक स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, खोप कार्यक्रम, रोगको उपचार जस्ता सेवाहरू उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएका छन् ।

**स्वास्थ्य चौकीमा उपलब्ध सेवा**

(क) निशुल्क औषधि तथा सामान्य उपचार

(ख) सुरक्षित मातृत्व सेवा

(ग) खोप तथा पोषणसम्बन्धी सेवा

(घ) नवजात शिशु तथा बालबालिकाको हेरचाह

(ङ) खानेपानी तथा सरसफाइसम्बन्धी सचेतना

स्वास्थ्य चौकी स्थानीय समुदायका लागि जीवनरक्षक तथा महत्वपूर्ण सेवा केन्द्र हो । यसले आधारभूत स्वास्थ्य सेवा सहज रूपमा प्रदान गर्ने लक्ष्य राखेको हुन्छ । यसले ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकहरूलाई सहज, प्रभावकारी, र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन मत गर्छ ।

**३. प्रहरी चौकी**

प्रहरी चौकी भनेको कुनै क्षेत्र वा समुदायमा शान्ति, सुरक्षा तथा कानूनी व्यवस्था कायम गर्नका लागि स्थापित सानो प्रहरी कार्यालय हो । प्रहरी चौकी स्थानीय स्तरमा अपराध नियन्त्रण, सार्वजनिक सुरक्षा, आपराधिक अनुसन्धान तथा अन्य कानूनी सेवा प्रदान गर्ने प्राथमिक निकाय हो ।

**प्रहरी चौकीमा उपलब्ध सेवा**

(क) समाजमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने ।

(ख) चोरी, डकैती, ठगी, हत्या, हिंसा जस्ता अपराधहरूको अनुसन्धान तथा नियन्त्रण गर्ने ।

(ग) नागरिकहरूसँग सहकार्य गरी समाजमा शान्ति र सद्भाव कायम गर्ने ।

(घ) प्राकृतिक विपत्ति, दुर्घटना वा अन्य आपतकालीन अवस्थामा उद्धार तथा सहयोग गर्ने ।

(ङ) नागरिकहरूलाई कानुनी सहायता, मुद्दा दर्ता, हराएका व्यक्तिको खोजी, आदि सेवा प्रदान गर्ने ।

प्रहरी चौकी कुनै पनि समुदायमा शान्ति, सुव्यवस्था तथा कानूनी शासन कायम राख्नका लागि अत्यन्त महत्त्वपूर्ण संस्था हो । यसले नागरिकको सुरक्षा सुनिश्चित गर्छ र समाजमा अनुशासन कायम गराउँछ। प्रहरी चौकी नागरिकको संरक्षक र अभिभावक हो ।

**(क) क्रियाकलाप**

१. विद्यालयबाट प्राप्त हुने सेवाहरूका सम्बन्धमा प्रधानाध्यापकलाई सोध्ने प्रश्नावली तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. स्वास्थ्य चौकी परिचय दिई कैलाश गाउँपालिका भएका स्वास्थ्य चौकीले उपलब्ध गराउने सेवाहरू उल्लेख गर्नुहोस् ।

२. कैलाश गाउँपालिका भएका प्रहरी चौकीले उपलब्ध गराउने सेवाहरू बुँदागत रूपमा लेख्नुहोस् ।

४. तल दिइएको चित्र हेरी कुन कामका लागि प्रयोग गरिन्छ, लेख्नुहोस् ।




## पाठ २ : नेपाल स्काउट

नेपाल स्काउटको स्थापना वि.सं. २००९ सालमा भएको हो । यसको प्रधान कार्यालय, लैनचौर, काठमाडौँमा रहेको छ । बालबालिका तथा युवालाई स्काउटमा सहभागी गराउन स्काउटको स्थापना भएको हो । स्काउटले बालबालिका र युवाहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गराउँछ । उनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउँछ ।

## यसको उद्देश्य

(क) स्काउटको माध्यमद्वारा कर्तव्यपरायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान् तथा सुयोग्य नागरिक बनाउने ।

(ख) स्वास्थ्य, वातावरण र भू-संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न युवाशक्ति परिचालन गर्ने, गराउने ।

(ग) दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यमा परिचालन गर्ने, गराउने ।

(घ) स्काउटद्वारा प्रतिपादित सिद्धान्त र मान्यता आत्मसात गरी बालबालिका तथा युवालाई जनसेवी बनाउने ।

(ङ) सामुदायिक सेवा तथा जनहितसम्बन्धी कार्य गर्ने गराउने ।

(च) साक्षरताका लागि प्रौढ शिक्षालगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने ।

## यसका नियमहरू

स्काउट नियमहरू निम्नानुसार रहेका छन् :

(क) स्काउट मन, बचन र कर्ममा पवित्र हुन्छ ।

(ख) स्काउट विश्वास योग्य हुन्छ ।

(ग) स्काउट सबैको मित्र र आपसी भ्रातृत्व कायम राख्छ ।

(घ) स्काउट विनम्र हुन्छ ।

(ङ) स्काउट भक्त हुन्छ ।

(च) स्काउट उपयोगी र सहयोगी हुन्छ ।

(छ) स्काउट बहादुर हुन्छ र सधैं प्रसन्न हुन्छ ।

(ज) स्काउट मितव्ययी हुन्छ ।

(झ) स्काउट प्राणीप्रति दयालु हुन्छ ।

(ञ) स्काउट अनुशासित र आज्ञाकारी हुन्छ ।

यी नियमको पालना गर्नु स्काउटमा आबद्ध सबै बालबालिका र युवाको कर्तव्य हो ।

*चित्रः स्काउट भएको विद्यालयको तस्बिर*

**(क) क्रियाकलाप**

१. स्काउटले गर्ने क्रियाकलापहरू उल्लेख गर्दै साथीलाई चिठी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. नेपाल स्काउटको स्थापना किन भयो, लेख्नुहोस् ।

२. स्काउटका उद्देश्यहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

३. स्काउटका नियमहरूको पालनाले हुने फाइदाहरू प्रस्तुत गर्नुहोस् ।

४. तल दिइएको चित्रमा उपयुक्त रङ लगाउनुहोस् ।

पाठ ३ : सहकारी संस्था

“एकका लागि सबै र सवैका लागि एक” भन्ने भावना र व्यवहारमार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकीकृत प्रयास नै सहकारी हो । सहकारीले छरिएर रहेको श्रम, सिप, प्रविधि र पुँजीलाई एकत्रित गर्दछ । सहकारीमा व्यक्तिहरू स्वेच्छाले आफ्ना हितको विषयहरूमा एकसाथ मिलेर कार्य गर्दछन् । खास गरी यो सीमित स्रोत र साधन भएका व्यक्तिहरूको एक सङ्गठन हो । यो लोकतान्त्रिक रूपमा नियन्त्रित हुन्छ । सदस्यहरूले साझा उद्देश्य प्राप्तिको लागि कार्य गर्दछन् । एकै किसिमको आवश्यकता पुरा गर्ने र एउटै पेसा व्यवसाय भएका मानिसहरु सङ्गठित भई आर्थिक वा सामाजिक विकासका लागि सञ्चालन गरिने संस्था सहकारी हो । यस क्षेत्रमा धेरै व्यक्तिहरु संलग्न छन् । यसबाट धेरै मानिसहरुले रोजगारी प्राप्त गरेका छन् । सहकारी क्षेत्रले आफ्ना छुट्टै पहिचान कायम गर्न सफल भएको छ । ग्रामीण भेकमा खुलेका सहकारी संस्थाले किसानहरूको आर्थिक स्तर उकास्न ठूलो योगदान पुर्‍याएका छन् । सहकारी संस्थाहरूले विभिन्न क्षेत्रमा सिपमूलक रोजगारी तथा आयमूलक कार्यमा आर्थिक सहयोगका लागि सहुलियत ब्याजदरमा ऋण प्रवाह गरेको छ । महिलाहरुलाई रोजगारमूलक कार्यक्रम/तालिम जस्तैः अचार, झोल साबुन, जाम बनाउने, सिलाइबुनाइ, पापड बनाउने, कार्यमा सहभागी गराएको छ । विभिन्न तालिममा

सहभागिता गराई नेतृत्व क्षमतालाई बढाएको छ । सामाजिक सम्बन्ध विस्तारमा सहयोग पुर्‍याएको छ । यस्ता कार्यक्रम/तालिमले आर्थिक र सामाजिक स्तर माथि उठेको छ ।

**सहकारीबाट हुने फाइदाहरू**

(क) बचत गर्ने बानीको विकास हुने

(ख) सचेतना विकास हुने

(ग) स्थानीय स्तरमै आयआर्जन हुने

(घ) रोजगारीको सिर्जना हुने

(ङ) सहकारी संस्थाको सदस्य भएपछि अरूसँग सम्पर्क बढ्ने ।

(च) नेतृत्व गर्ने क्षमता विकास हुने

(छ) स्वास्थ्य तथा सरसफाइमा ध्यान पुग्ने

सहकारीले समूहमा काम गर्न सिकाउँछ । यसबाट आपसी मित्रता र पारस्परिक सहयोगको भावना विकास हुन्छ । सहकारीले मानिसहरूको आर्थिक, सांस्कृतिक र सामाजिक हैसियत माथि उठाउन सहयोग पुर्‍याउँछ । सहकारी संस्थाले समाजका निम्न आय भएका गरिब र विपन्न जनसमुदायको जीवनस्तर उकास्न सहयोग पुर्‍याउँछ ।

*चित्र : कृषि सहकारी संस्थाको तस्बिर*

**(क) कियाकलाप**

१. स्थानीय कुनै एक सहकारी संस्थाको स्थलगत भ्रमण गर्नुहोस् । उक्त संस्थाको स्थापना मिति, उद्देश्य र हालसम्म गरेका कार्यरू टिपोट गरी कक्षामा सुनाउनुहोस् ।

**(ख) अभ्यास**

१. सहकारी संस्थाको भनेको के हो रु

२. सहकारी संस्थाबाट हुने फाइदाहरूको सूची तयार गर्नुहोस् ।

# एकाइ ७ : विपद् तथा जलवायु परिवर्तन

सिकाइ उपलब्धि

घर तथा विद्यालयमा घट्न सक्ने सम्भावित जोखिम पहिचान गरी त्यसप्रति सजग रहन

**चित्र :** चट्याङ परेको तस्बिर

# पाठ एक : घर तथा विद्यालयमा घट्न सक्ने सम्भावित जोखिम

विपद् भनेको कुनै पनि स्थानमा प्राकृतिक प्रकोप र महामारीका कारण आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षति हुनु हो । विपद्ले विनाश गर्छ । विनाशले जनधनको क्षति र तनाव बढाउँछ । विपद् जोखिममा होसियारी अपनाउनुपर्छ । यस्तो विपद् आकस्मिक र अप्रत्याशित रूपमा आउँछ । विपत्ति प्राकृतिक र मानवीय कारणबाट हुने गर्छ ।

प्राकृतिक विपत्तिमा बाढी, पहिरो, भूकम्प, आँधी, तुफान, चट्याङ, स्वास्थ्यको प्रकोप जस्ता विपद् पर्छन् । मानवीय कारणबाट हुने विपद्मा आगलागी, कमजोर संरचनाको निर्माण, दुर्घटना, वातावरणको विनाश आदि पर्छन् । धरापमा रहेको संरचना, खोलाको किनार, जथाभावी फलिएको निर्माण सामग्री, भूकम्प आएमा खस्ने गरी राखिएको सामानहरूले पनि जोखिम निम्त्याउँछन् । त्यसैले घरमा राखिएका सामग्री सुरक्षित तरिकाले राख्नुपर्छ । सुत्ने ओछ्यानको वरिपरि खस्ने गरी सामान राख्नुहुँदैन । भूकम्प आउँदा हल्लिएर सामान खस्छ र धनजनको क्षति हुन सक्छ । त्यसैगरी घर तथा विद्यालय वरपर रहेका भत्कन लागेका पुराना घर, गोठ तथा अन्य संरचना तुरुन्त हटाउनुपर्छ । खोला किनार पनि जोखिमयुक्त ठाउँ हो । माथिल्लो भागमा पानी पर्दा एक्कासी बाढी आउँछ र बगाएर लैजान्छ । त्यसकारण खोलाको किनारमा जानु हुँदैन । विद्यालय जाँदा पहिरो, ढुङ्गा तथा चट्टान आदिबाट जोगिन होशियारी अपनाउनु पर्छ । जथाभावी फलिएको निर्माण सामग्रीले बाटो फोहोर हुने, हिँड्न कठिनाइ हुने गर्छ । त्यस्ता ठाउँहरूमा हिँड्दा होशियारी अपनाउनुपर्छ ।

## (क) क्रियाकलाप

१. तपाईँको घरमा सामान सुरक्षित रूपमा राख्न के के गर्नुपर्ला ?

२. तलको समाचार अध्ययन गरी यो विषयसँग सम्बन्धित कैलाश गाउँपालिकाको समाचार सङ्कलन गरी कक्षाकोठाको बुलेटिन बोर्डमा टाँस्नुहोस् ।

**१५ मङ्सिर २०८१ को नागरिक पत्रिकाबाट साभार**

**जथाभावी फालिएका शिशाजन्य बोतल व्यवस्थापन गर्न आग्रह**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले नगरपालिकाभित्र जथाभावी छरिएका वा फालिएका शिशाजन्य बोत्तल ३५ दिनभित्र व्यवस्थापन गर्न व्यवसायीलाई अल्मिटम दिएको छ । व्यवसायका नाममा बाहिरी जिल्लाबाट आयात हुने पेय पदार्थका बोतल प्रयोग गरिसकेपछि जथाभावी फालिएका कारण नगरपालिकाको पर्यावरणमा असर पुगेकाले यही मङ्सिर १४ गतेको मितिदेखि लागू हुने गरी ३५ दिनभित्र व्यवस्थापन गर्न नगरपालिकाले व्यवसायीलाई अल्टिमेटम दिएको हो । नगरपालिकामा फोहर गर्ने व्यक्ति, पसल, कम्पनी अथवा थोक बिक्रेता स्वयम्ले उक्त फोहर सफा गर्नुपर्ने नगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रममा उल्लेख भएकाले शिशाजन्य फोहर व्यवस्थापन गर्न व्यवसायीलाई अल्टिमेटम दिइएको नगरप्रमुख तीर्थराज भट्टराईले पत्रकार सम्मेलनमार्फत जानकारी दिए ।"नगरपालिकाभित्रका धार्मिक तथा पर्यटकीय ठाउँमा जथाभावी शिशाका बोतल फालिएका छन्, फोहर गर्ने व्यक्ति, पसल, कम्पनी अथवा थोक बिक्रेता आफैँले उक्त फोहोर सफा गर्नुपर्ने नगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रममा उल्लेख छ", उनले भने, "जथाभावी फालिएका फोहर व्यवस्थापन गर्न यसअघि पन पटकपटक पत्राचार गरिएको छ, । आफूले गरेको फोहर स्वयम् व्यक्ति, पसल, कम्पनी अथवा थोक बिक्रेताले सफा नगरेको खण्डमा अबको ३५ दिनपछि कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउँछौँ ।"

नगरपालिकाको निर्देशनलाई व्यवसायीले नमानेका खण्डमा आगामी दिनमा शिशाजन्य बोत्तल आयातमा पूर्ण प्रतिबन्ध लगाइने नगर प्रमुख भट्टराईले जानकारी दिए । नगरपालिकाको पर्यावरणलाई स्वच्छ र सफा राख्नका लागि सरोकारवाला निकायसँग पटकपटक छलफल तथा अन्तरक्रियासमेत गर्दै आइएको नगरपालिकाले जनाएको छ । जथाभावी फालिएका शिशाजन्य वस्तुका कारण जिल्लाका खेतीयोग्य जमिन तथा खोलाखोल्सीको वातावरण बिग्रिएको पर्यावरणका क्षेत्रमा काम गर्ने व्यक्तिहरूले बताउँदै आएका छन् । जिल्लाका सबै स्थानीय तहमा ग्रामीण सडकमार्फत यातायातका सवारीसाधन पुगेसँगै आयातीत खाद्य पदार्थ भित्रिँदा मानव स्वास्थ्य तथा वातावरणलाई दीर्घकालीन असर गर्ने शिशाजन्य वस्तु भित्रिएको हो । दश स्थानीय तह रहेको

जिल्लामा पेय पदार्थ (रक्सी, बियर तथा अन्य पेय पदार्थ आदि) सँगै आयातीत पत्रु खाना उपभोग गर्नेको सङ्ख्या वृद्धि भएको सर्वेक्षणले देखाएको छ । गाउँघरमा उत्पादन हुने जैविक खाद्यवस्तुभन्दा आयातित वस्तुहरु (चाउचाउ, बिस्कुट आदि) स्वादिलो र छिटो खान मिल्ने भएकाले पत्रु खाद्यपदार्थ उपभोग गर्ने उपभोक्ताको सङ्ख्या वृद्धि भएको हो ।

आयातीत खाद्यवस्तुले जिल्लावासीको स्वास्थ्यसँगै आर्थिक बचतमा ठूलो असर पुगेको कृषिविज्ञ मदन राईले बताए । "मानव स्वास्थ्य र आर्थिक बचतका बारेमा नागरिकलाई सचेत गराउने पहिलो जिम्मेवारी स्थानीय तहका जनप्रतिनिधिको हो । यसप्रति उनीहरूको ध्यान गएको देखिँदैन", उनले भने, "मीठो स्वाद र क्षणिक सुख खोज्दा नागरिकलाई दीर्घकालीन असर गरिरहेको छ । सम्बन्धित निकायले बेलैमा ध्यान नदिएको खण्डमा ठूलो असर पुग्ने निश्चित छ ।"

**(ख) अभ्यास**

१. विपद् भनेको के हो ?

२. जोखिमबाट बच्न अपनाउनुपर्ने सावधानीहरू बुँदागत रूपमा लेख्नुहोस् ।

# एकाइ ८ : स्थानीय वन तथा वन्यजन्तु

सिकाइ उपलब्धि

स्थानीय वनमा पाइने रूख बिरुवा र वन्यजन्तुहरूको सूची तयार गर्न

चित्र : कटुसको रूख र ऐँसेलु, तितेपाती

# पाठ १ : रूख बिरुवा (वनस्पति)

स्थानीय सामुदायिक वनहरू हामी सबैको साझा सम्पत्ति हो । यी सामुदायिक वनमा कटुस, कुटमिरो, अम्रिसो, न्युरो, सिस्नु, पानी अमला, ऐँसेलु, तितेपाती, चाँप, सल्ला, धुपी, चिलाउने, काफल, खनायो, आदि रुख बिरुवाहरू पाइन्छन् । यसबाहेक केही औषधिजन्य बोटबिरुवा पनि छन् । यहाँ न्युरो, सिस्नु, पानी अमला, ऐँसेलु, तितेपाती, चुत्रो, जस्ता औषधिजन्य वनस्पतिहरू पनि पाइन्छ । यी औषधिका रूपमा प्रयोग गरिन्छन् । वनजङ्गल विनाशले औषधिजन्य बोटबिरुवा पनि मासिन्छन् । यसैगरी वनजङ्गल मास्नाले बाढी पहिरो आउँछ । मलिलो माटो बगाउँछ र उत्पादन कम हुन्छ । घरगोठ, बासस्थान र खेतबारी बगाउँछ । पहिरो जान्छ । जङ्गली जीवजन्तुहरूको बासस्थान नष्ट हुन्छ । पानीका मुहान सुक्छन् । जटिबुटीहरू मासिन्छन् । घाँस, दाउरा, काठ आदिको अभाव हुन्छ । वातावरण प्रदूषण हुन्छ । त्यसैले जथाभावी रुख बिरुवा र घाँस स्याउला काट्नुहुँदैन । नाङ्गा पाखाहरूमा वृक्षरोपण गर्नुपर्छ । डढेलो लाग्न दिनुहुँदैन र वनमा लागेको डढेलो सबै मिलेर निभाउनुपर्छ । औषधिजन्य वनस्पतिहरूको संरक्षण र संवर्धन गर्नुपर्छ ।

कैलाश गाउँपालिकाको विभिन्न भेगमा वनजङ्गल छ । सबै मिलेर सामुदायिक वनको संरक्षण गर्नुपर्छ । पानीको मुहान पनि जङ्गलमा छ । वनजङ्गल जोगाउनाले पानीको मुहान सुक्दैन । माटो संरक्षण हुन्छ । वन्यजन्तुको बासस्थान सुरक्षित हुन्छ । घाँस, दाउरा, काठ आदि वनजङ्गलबाट प्राप्त हुन्छ । वनजङ्गलबाट प्राप्त हुने काठबाट फर्निचर उद्योग खोली आवश्यकता अनुसार डेस्क, बेञ्च, मेच, टेबुल, दराज आदि बनाउन सकिन्छ ।

दिनप्रतिदिन हाम्रो गाउँको वनजङ्गल मासिँदै छ । वनजङ्गल मास्नाले बाढी पहिरो आउँछ । घरखेत बगाउँछ; मलिलो माटो बगाउँछ; उब्जनी घट्छ; जङ्गली जीवजन्तुहरू बस्ने ठाउँ हुँदैन । पानीको मुहान सुक्छ । त्यसैले आज विद्यालयले वृक्षरोपण कार्यक्रम राखेको छ । विद्यालयले गाउँको नर्सरीबाट बिरुवाहरू ल्याएको छ । आज हामी सबै

मिलेर हाम्रो विद्यालय नजिकैको खाली जमिनमा वृक्षरोपण गर्छौं । विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी सबैको सहभागितामा बिरुवाहरू लगाउँछौँ । त्यसपछि वनजङ्गल जोगाउन गाउँगाउँमा जनचेतना फैलाउन विद्यालयले र्‍याली र सभाको आयोजना गर्दैछ, त्यसमा हामी सबै सहभागी हुन्छौँ । वनजङ्गललाई आगलागीबाट जोगाउनु पर्छ । वनभोज गएका बेलामा पनि वनभोज कार्यक्रम सकेपछि आगो निभाउनु पर्छ । सबैको सहभागिता भएमा मात्र वनजङ्गलको संरक्षण गर्न सकिनेछ ।

**चित्र :** न्युरो, सिस्नु, पानी अमला, ऐँसेलु, तितेपाती, चुत्रोको चित्र

### (क) क्रियाकलाप

१. तपाईंको गाउँपालिकामा पाइने औषधिजन्य वनस्पतिहरूको नाम आफ्नो घर वा छिमेकका मानिसलाई सोधी त्यसको विवरण तयार गर्नुहोस् ।

२. तपाईंको घर तथा विद्यालय वरिपरि रहेको खाली जमिनमा बोटबिरुवा रोप्नुहोस् र तिनलाई समयसमयमा पानी हालिदिनुहोस् ।

### (ख) अभ्यास

१. तपाईंको घर तथा विद्यालय वरपर रहेका सामुदायिक वनहरूको सूची तयार गर्नुहोस् र त्यसबाट गाउँलेहरूलाई के के सुाधिाहरू प्राप्त भएका छन् लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. मानौँ, वनजङ्गलको संरक्षण गर्न जनचेतना जगाउने र्‍याली आयोजना हुँदैछ । उक्त र्‍यालीमा प्रदर्शन गर्नका लागि प्लेकार्डहरूको नमुना तयार गर्नुहोस् ।

### (ख) अभ्यास

१. हामीले वनजङ्गल र वन्यजन्तु जोगाउन केके काम गर्नुपर्ला रु

२. वनजङ्गल मासिनाका कारणहरूलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

३. तपाईंको गाउँपालिकामा पाइने बोटबिरुवाहरूको महत्त्व उल्लेख गर्नुहोस् ।

## (ग) परियोजना कार्य

१. कक्षाका साथीहरूसहित आफ्नो गाउँपालिकामा रहेका वनजङ्गलको स्थलगत अवलोकन गर्नुहोस् । ती वनहरूमा पाइने औषधिजन्य वनस्पतिहरूको टिपोट गरी कुनकुन रोग निको पार्न उपयोगी हुन्छ, अभिभावक वा जानकार व्यक्तिलाई सोधी लेख्नुहोस् ।

## पाठ २ : कैलाश गाउँपालिकाको वनमा पाइने जनावरहरू

कैलाश गाउँपालिकाको वनजङ्गलमा बाँदर, स्याल, चितुवा, लोखर्के, मृगलगायतका विभिन्न जनावरहरू र ढुकुर, कालिज, जुरेली, लामपुछ्रे, आदि चराचुरुङ्गीहरू पाइन्छन् ।



स्याल



बाँदर



कालिज



जुरेली

बढ्दो जनसङ्ख्या, सहरीकरण, वनफडाँनी र अतिक्रमण र खुल्ला चरिचनले वन्यजन्तुका वासस्थान मासिदै गएको छ । तिनीहरूको आहारामा कमी आएको छ । पानीका स्रोतहरु सुक्दै गएका छन् । ठूला विकास निर्माण तथा पूर्वाधार निमार्णले वन्यजन्तु हिँड्ने बाटाहरु (जैविकमार्ग) को विनाश भएको छ । मानिसले आफ्नो आहाराको लागि वन्यजन्तुको आहारा खोस्छ । आफ्नो बासस्थानको लागि जङ्गली जीवजन्तुहरूको बासस्थानमा क्षति पुर्‍याएको छ । सडक निमार्णको लागि वन्यजन्तुको जैविक मार्ग हनन भएको छ । यसैगरी दिनप्रतिदिन गाउँको वनजङ्गल मासिँदै गएकाले जङ्गली जीवजन्तुहरूको बासस्थान पनि मासिदै गएको छ । त्यसैले हामीले वनजङ्गलको संरक्षण गर्नुपर्छ ।

**वन्यजन्तु संरक्षणको महत्त्व**

वन्यजन्तु हाम्रा सम्पत्ति हुन् । तिनको संरक्षण गरेर गाउँपालिकामा पर्यटक आकर्षण गर्न सकिन्छ । पर्यटकहरूको आगमनले गाउँपालिकाको आय बढ्छ । गाउँपालिकामा आम्दानी धेरै भएमा विकास निर्माण सहयोग पुग्छ । वन्यजन्तु जोगाउन र तिनको संरक्षण गर्न वनजङ्गलको संरक्षण गर्नुपर्छ ।

**वन्यजन्तु जोगाउने उपाय**

(क) जनतामा सचेतनाको विकास गर्नुपर्छ ।

(ख) वन्यजन्तु र तिनीहरूको बासस्थानको संरक्षण गर्नुपर्छ ।

(ख) वन्यजन्तुको अवैध चोरी र ओसारपसार नियन्त्रण गर्नुपर्छ ।

(ग) वनजङ्गल र वन्यजन्त संरक्षणमा जनसहभागिता बढाउनु पर्छ ।

(घ) वनजङ्गललाई आगलागीबाट जोगाउनु पर्छ ।

त्यसैले हामी सबै मिली वन्यजन्तुको संरक्षण गर्नुपर्छ ।

**(क) कियाकलाप**

१. वन्यजन्तुहरूको संरक्षण गर्न केके काम गर्नुपर्ला, अभिभावक भेला गरी सबैलाई सुनाउनुहोस् ।

२. वन्यजन्तुको संरक्षण गर्न जनचेतना जगाउने र्‍याली आयोजना गर्नका लागि प्लेकार्डहरू तयार गर्नुहोस् ।

**(ख) अभ्यास**

१. तपाईंलाई मनपर्ने कुनै एउटा वन्यजन्तुको चित्र सङ्कलन गरी त्यसमा उपयुक्त रङ लगाउनुहोस् ।

२. तपाइँको गाउँपालिकामा पाइने वन्यजन्तुहरूको नाम लेख्नुहोस् ।

३. वन्यजन्तु जोगाउने उपायहरू के के हुन सक्छन् रु

## एकाइ ९ (क) : कृषि(तरकारी, फलफुल, मसलाबाली र अन्नबाली)

सिकाइ उपलब्धि

आफ्नो घर विद्यालयमा गरिएको फलफुल, अन्नबाली, तरकारी खेती कार्यमा सहभागी हुन

चित्र : आलु, काउली, बन्दा गोलभेडा, स्कुस, करेला, रायो, फर्सी आदि खेती गरेको तस्बिर

## पाठ १ : तरकारी खेतीमा सहयोग

कैलाश गाउँपालिकाको नामटारमा रमिला बस्छिन् । उनको घर नजिकै श्री कालिका माध्यमिक विद्यालय छ । उनी दिउँसो विद्यालय जान्छिन् । बिहान, बेलुका र बिदाको दिन तरकारी खेतीको काममा आमा र बुबालाई सहयोग गर्छिन् । पढ्ने लेख्ने काम सकेपछि तरकारी खेतीको काममा सहयोग गर्छिन् । उनी पढाइमा धेरै मिहिनेत गर्छिन् । उनको पढाइ पनि राम्रो छ ।

रमिलाको खेतबारीमा आलु, काउली, बन्दा गोलभेडा, स्कुस, करेला, रायो, फर्सी आदि खेती गरिएको छ । यी तरकारी खेतीमा कम्पोष्ट मल प्रयोग गरिएको छ । गाईवस्तुको मललाई कम्पोष्ट मल भनिन्छ । कम्पोष्ट मललाई प्राङ्गारिक मल पनि भनिन्छ ।

आज बिदाको दिन हो । आज आलुको बिउ रोप्ने र फर्सीका बेर्ना सार्नका लागि रमिला, उनका बुबा र आमा खेतमा गएका छन् । बुबाले खेत खन्ने, आमाले माटा सम्याउने र रमिलाले माटो मिलाउने, सम्याउने, पानी हाल्ने, जमिनको घाँस निकाल्ने, कम्पोष्ट मल हाल्ने काममा बुबाआमालाई सहयोग गरिन् । त्यति मात्र होइन बुबा आमालाई खाजा र पानी पनि पुर्‍याइन् । उनी घरको काममा सहयोगी बनेकी छिन् ।

*चित्र : १२/१३ वर्षकी केटीले ३५/४० वर्षका महिला र पुरुषलाई पहाडी धरातलमा रहेको खेतमा माटो सम्याउने काममा सहयोग गरेको तस्बिर*

आलु, काउली, बन्दा, गोलभेडा, स्कुस, करेला, रायो, फर्सीलगायतका तरकारी खेती गरी धेरै आम्दानी गर्न सकिन्छ ।

अहिले बेमौसमी तरकारी खेती गरी आम्दानी गर्न सकिन्छ । बेमौसमी तरकारी भनेको जुनसुकै तरकारी जुनसुकै समयमा लगाए पनि हुन्छ । मौसमी र बेमौसमी तरकारी खेती गरेर मनग्ये आय आर्जन गर्न सकिन्छ ।

**(क) कियाकलाप**

१. तपाइँको घरमा कुनकुन तरकारी खेती गरिएको छ, लेख्नुहोस् । यदि छैन भने छिमेकका मानिसहरूले गरेको तरकारी खेती अवलोकन गरी तिनको सूची तयार गर्नुहोस् ।

२. घर वा विद्यालयको खाली जग्गामा काउली वा समयअनुसारको उपयुक्त तरकारी रोप्नुहोस् र समयसमयमा पानी, मल झारपात निकाल्ने काम गरी त्यसलाई हुर्काउनुहोस् ।

२. ठाउँ (मौसम र हावापानी) अनुसारको तरकारी खेतीमा सहभागी हुँदा ध्यान दिनु पर्ने कुराहरू छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. कम्पोष्ट मल भनेको के हो ?

२. तरकारी खेतीका फाइदाहरू बुँदागत रूपमा लेख्नुहोस् ।

३. तलको सामग्री अध्ययन गर्नुहोस् र सोधिएका प्रश्नका जवाफ दिनुहोस् :

## तरकारी खेतीका फाइदा

तरकारी खेती कम लगानीमा गर्न सकिन्छ । स्वस्थ रहन मदत पुर्‍याउँछ । यसबाट पोषण प्राप्त हुन्छ । अन्यत्र तरकारी किन्ने रकम बचत हुन्छ । तरकारी खेतीमा काम गर्दा शरीर स्वस्थ रहन्छ । यसबाट आम्दानी पनि हुन्छ । तरकारी खेतीमा काम गर्दा मानिसमा मोटोपन घट्छ । शरीर बलियो र फुर्तिलो हुन्छ ।

घरमा हुने तरकारी खेतीको काममा हामीले सकेको सहयोग पुर्‍याउनुपर्छ । अभिभावकले आफ्ना छोराछोरी तथा भाइबहिनीहरूलाई तरकारी खेती कार्यमा सहभागी र सक्रिय गराउनुपर्छ । यसबाट उनीहरूमा काम गर्ने बानीको विकास हुन्छ । उनीहरूमा तरकारी खेती गर्ने सिप विकास हुन्छ । यो सिप व्यवहारमा प्रयोग गरी आत्मनिर्भर बन्न मदत पुग्छ ।

(अ) तरकारी खेतीबाट हुने फाइदाहरूमध्ये कुनै दुईओटा लेख्नुहोस् ।

(आ) किन तरकारी खेतीको काममा सहभागी र सक्रिय हुनुपर्छ ?



# पाठ २ : फलफूल खेती

विद्यार्थी हो, अब हामी यो पाठमा विद्यार्थीले फुर्सदको समयमा केरा र सुन्तला खेती गरेको एउटा समाचार अध्ययन गरौँ है त !

**फुर्सदको समयमा केरा र सुन्तला खेती**

२०७८ पुष ६ गतेको नेपाल लाइभबाट साभार

बागलुङ

अधिकांश विद्यालयका विद्यार्थीले कक्षामा पढाइ नहुँदा समय कसरी बिताउँछन् होला ? सायद धेरै सामुदायिक विद्यालयका विद्यार्थीले साथीभाइसँग खेलेर वा आपसमा रमाइलो गर्दै समय काट्छन् होला । तर, बागलुङको नगरपालिकास्थित सिगाना माध्यमिक विद्यालय तित्याङका छात्र-छात्रा खेलेर होइन, व्यवहारिक सिप सिक्न व्यस्त छन् । विद्यालयले एक वर्षदेखि विद्यार्थीको फुर्सदको समयलाई व्यवहारिक अभ्यासमा परिचालन गराएको छ । उनीहरु कक्षामा शिक्षक अनुपस्थित हुँदा र खाजा खाने समयलाई सदुपयोग गर्दै विद्यालय वरपर केरा र सुन्तला खेती गर्न थालेका छन् । विद्यार्थी हिजोआज  फुर्सद हुने बित्तिकै काममा व्यस्त हुने र खाली जग्गामा सामूहिकरूपमा केरा र सुन्तला खेती गर्ने गरेको विद्यालयले जनाएको छ । विद्यार्थी आपसमा मिलेर फलफूल खेतीमा जुटेपछि शिक्षक र उनीहरूका अभिभावकसमेत दङ्ग परेका छन् । फलफूल खेतीको नेतृत्व विद्यालयमा गठित सूर्योदय बाल क्लबले लिएको छ । विद्यालयको पाँच रोपनी जग्गामा ४०० बोट केरा र ४० बोट सुन्तला लगाएको सूर्योदय बाल क्लबका अध्यक्ष अनुष्का केसीले जानकारी दिइन् । 'हामीले धान, मकैलगायतका खाद्य बालीको अभ्यास र सिकाइ त घरमा पनि गरेको थियौँ',उनले भनिन् 'नगदेबालीका रूपमा रहेको सुन्तला र केरा खेती कसरी गर्ने भन्ने सिकाइ र यसको व्यावसायिकताबारे राम्रो ज्ञान र सिकाइ प्राप्त भएको छ ।'

विसं २०६७ मा आर्थिक स्रोत जुटाउनका विद्यालयले लगाएको धनधान्याञ्चल महायज्ञमा शिक्षाप्रेमीले आसपासको २३ रोपनी जग्गा निः शुल्क दान गरेका थिए ।

जग्गाको सदुपयोगसहित व्यवहारिक शिक्षाको अभ्यास थालिएको विद्यालयका प्राचार्य गोपालकुमार शर्माले जानकारी दिए । जग्गादाताले उर्वर मानिने खेत र बारी विद्यालयलाई प्रदान गरेपछि विद्यालयले जग्गा सदुपयोग गर्दै व्यवहारिक शिक्षासमेत अभ्यास गराउन थालेको हो । विगतमा त्यत्तिकै खेर गएको विद्यालयको जग्गा अहिले केरा र सुन्तला खेतीका कारण हरियाली बनेको छ । एक वर्षअघिदेखि विद्यालय परिसरमा रहेको तीन रोपनी जग्गामा केरा खेती र सिगानाको सातमुरेस्थित दुई रोपनी बारीमा सुन्तला खेती गरिएको उनले जानकारी दिए । उनले भने 'परीक्षणका लागि पाँच रोपनी जग्गामा केरा र सुन्तला खेती गर्न थालेका छौँ । विगतका वर्षमा तरकारी खेती पनि गरेका थियौँ, लामो समय बिदा हुँदा तरकारी उत्पादनमा समस्या भएपछि फलफूल खेती थालेका हौँ ।'

'विद्यार्थीले स्कूलमा आएर किताबको ज्ञान मात्र नभई फलफूल फलाउनसमेत सिक्दैछन्', व्यवहारिक शिक्षणको नेतृत्व गराइरहनुभएका लक्ष्मण खड्काले भने, 'प्रयोगात्मक शिक्षाले विद्यार्थीले घरमा पनि फलफूल खेती गर्न सहयोग मिल्नेछ ।'

अबदेखि विद्यार्थीलाई प्रयोगात्मक विषयको नम्बर फलफूल खेतीमा गरेको कामका आधारमा दिइने विद्यालयले जनाएको छ । विद्यालयका कक्षा ४ देखि १० मा अध्ययनरत सबै विद्यार्थीले अहिले पालैपालो केरा र सुन्तला खेतीको स्याहारसुसारमा समय दिने गरेका छन् । विद्यालयले खेलकूद मैदानबाहेकको अन्य जग्गामा समेत सुन्तला खेती विस्तार गर्ने लक्ष्य लिएको छ ।

विद्यालयले कक्षा ९ र १० मा कृषि प्राविधिक शिक्षा सञ्चालन गर्ने लक्ष्य लिएको छ । विद्यालयमा हाल बाल विकासदेखि कक्षा १२ सम्म ३८५ विद्यार्थी अध्ययनरत छन् । विद्यालय जिल्लाकै गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयका रूपमा चिनिँदै आएको छ । गाउँका सरकारी स्कुल खाली हुने अवस्थामा पनि यस विद्यालयप्रतिको आकर्षण बढ्दो क्रममा रहेको स्थानीयवासी बताउँछन् ।

**(क) कियाकलाप**

१. पाठमा दिइएको समाचार अध्ययन गरी तपाइँको गाउँपालिकामा पनि यस्ता कार्य भएका हुन सक्छन् । स्थानीय जानकार व्यक्तिसँग सोधी एक समाचारको नमुना तयार गर्नुहोस् ।

२. आफ्नो कक्षाका साथीहरू मिली कुनै नजिकैको फलफूल खेती गर्ने किसानको घरमा जानुहोस् । फलफूल उत्पादन गर्ने तरिका सम्बन्धमा किसानसँग सोधी तलको तालिकाअनुसार टिपोट गर्नुहोस् :

| फलफूल | रोप्ने विधि | हुर्काउने तरिका | फलफूलमा लाग्ने रोग | रोग रोकथामका उपाय |
|---|---|---|---|---|
| | | | | |

**(ख) अभ्यास**

१. तपाइँको गाउँपालिकामा कुन कुन फलफूलहरूको खेती गर्न सकिन्छ रु

२. फलफूल खेतीको महत्त्वलाई बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## पाठ ३ : मसला बाली

आज शनिबारको दिन हो । श्री कमला माध्यमिक विद्यालय, व्यासले कक्षा चारका विद्यार्थीहरूलाई आफ्नो गाउँको मसलाबाली लगाउने किसानकहाँ स्थलगत अवलोकन गराउने कार्यक्रम राखेको छ। स्थानीय विषय अध्यापन गराउने शिक्षकले त्यसको तयारी गरिरहनु भएको छ । उहाँले विद्यार्थीहरूलाई मसला बालीको जानकारी दिन स्थानीय किसनकहाँ लैजाने योजना बनाउनुभएको छ ।

बिहानको ७:३० बजे कक्षा ४ का सबै विद्यार्थीहरू भेला भइसकेका थिए । स्थानयि विषय अध्यापन गराउने शिक्षक र विद्यार्थीहरू सबैजना मसला बाली खेती गर्ने किसानकहाँ गए

। त्यहाँ पुगेर उनीहरूले अलैंची, बेसार, अदुवा, टिमुर, खुर्सानी, प्याज, लसुन, धनिया, ज्वानोको खेती गरेको देखे । भिरालो बारीमा बेसार र अदुवा तथा बारीका डिलहरूमा अलैंची खेती गरेको हेरे । खेतका सानासाना गह्राहरूमा लसुन, प्याज, खुर्सानी, धनिया, ज्वानाको खेती गरेको पनि अवलोकन गरे ।

औपचारिक चिनजानपछि शिक्षकले किसानसँग जिज्ञासा राख्दै प्रश्न गर्नुभयो, “हजुरले अलैची खेती कहिलेबाट सुरु गर्नुभयो त ? किसानले उत्तर दिए, ‘सर, मैले त सात वर्ष अघिदेखि यो खेती सुरु गरेको हो । उत्पादन राम्रै भएको छ ।’ सरले फेरि प्रश्न गर्नुभयो, त्यसो भए कस्तो हावापानी, चाहिन्छ, कहिले खेती सुरु गर्नुपर्छ र आम्दानी कसरी लिन सकिन्छ, त्यो पनि बताइदिनुहुन्छ कि ? बताइदिनछु नि सर । ‘अलैंची खेती ओसिलो ठाउँमा गर्दा उपयुक्त मानिन्छ । छहारीको मुनि यसको खेती राम्रो मानिन्छ । बैशाखदेखि भदौसम्म यसको बिरुवा सार्न सकिन्छ । अलैंची बिरुवा फेदमा फुल्छ र फेदमा नै फल लाग्छ । अलैंचीको बिरुवा र फल दुवैको बेचविखन गरी आम्दानी गर्न सकिन्छ । यसै गरी काममा पनि व्यस्त भइरहने र काम गरिरहँदा शरीर पनि फुर्तिलो हुन्छ । परिश्रम गरिरहने हुनाले शरीर स्वस्थ राख्न पनि सहयोग पुरयाउँछ । अलैंची औषधी र मसलाका रूपमा पनि प्रयोग गर्न सकिन्छ । सर ।”



अरु पनि तरकारी खेती गर्नुभएको रहेछ, एक्लै हो कि घर परिवारका सदस्य र अरुलाई पनि रोजगार दिनुभएको छ ?हैन सर, म, श्रीमती, छोरा र छोरी मिलेर काम गर्छौं । छोरा हजुर अध्यापन गराउने विद्यालयमा कक्षा ८ र छोरी कक्षा १० मा अध्ययन गर्छन् । उनीहरू दुवैले खेतीको काममा सहयोग पुर्‍याउँछन् ।

स्थानयि विषय अध्यापन गराउने शिक्षकले भन्नुभयो, तपाईंका छोराछोरी मिहेनती छन् । विद्यालयको हरेक काममा सहयोग गर्छन् । उनीहरू अनुशासित र इमान्दार पनि छन् । विद्यालयको अतिरिक्त कियाकलापमा पनि उत्कृष्ट हुन्छन् । विद्यालयको करेसाबारीको काममा पनि आफूले सकेको सहयोग गर्छन् । उनीहरू मिहेनेती भएको कुरा मैले प्रधानाध्यापकबाट सुनेको छु । शिक्षकले किसानसँग फेरि जिज्ञासा राख्नुभयो । अनि दाजु, यो मसला खेतीबाट कत्तिको आम्दानी हुन्छ त ? त्यसैगरी हाम्रा भाइबहिनीहरूले विद्यालयमा अदुवा, बेसार, लसुन, प्याज खेती गर्नुपर्‍यो भने के कसरी गर्नुपर्ला ? सङ्क्षिप्तमा बताइदिनुहोस् न ।

ल राम्ररी सुन्नहोस् है त । अदुवा खेतीका लागि २० देखि ३० डिग्री सेन्टिग्रेट तापकम भएको न्यानो हावापानी उपयुक्त मानिन्छ । घाम लाग्ने पारिलो ठाउँ, पानीको निकास राम्रो भएको ठाउँमा अदुवा खेती राम्रो हुन्छ । चैत वा बैशाख महिनामा यसको खेती गर्न सकिन्छ । यसका लागि सबभन्दा पहिला खेत वा बारी गहिरो गरी खन्नुपर्छ । माटोमा गोबर मल राखेर मिसाउनुपर्छ । ड्याङ बनाउँदै यसमा अदुवाको गानो(बिउ) रोप्नुपर्छ । गोडमेल गरी झार निकाल्नुपर्छ । यसो गरेमा अदुवाको उत्पादन राम्रो हुन्छ । रोपेको सामान्यतया नौ महिनापछि यसको उत्पादन सुरु हुन्छ ।



अब लसुन र प्याज रोप्ने समयको बारेमा पनि केही बताउँछु। लसुनको बिउ विशेष गरी कार्तिक र मङ्सिर महिनामा रोपिन्छ।  प्याजको बेर्ना पनि कार्तिक, मङ्सिर, पुष र माघ महिनामा सार्न सकिन्छ । यी बाहेक खुर्सानी, ज्वानो, धनियाको खेती गरी आफूलाई आवश्यक पर्ने मसला बाली उत्पादन गर्न सकिन्छ। धेरै उत्पादन गर्न सकेमा बेचबिखन गरी राम्रो आम्दानी गर्न सकिन्छ।

**(क) क्रियाकलाप**

१. बिदाको दिन नजिकैको अलैँची खेती गर्ने किसानकहाँ जानुहोस् । तलको विवरण टिपोट गरी विद्यालय खुलेको दिन कक्षामा प्रस्तुत गर्नुहोस्।

(क) मसलाको नाम :

(ख) बेर्ना सार्ने समय :

(ग) फुल फुल्ने समय :

(घ) फल फल्ने समय :

(ङ) हावापानी :

२. अदुवा खेती गर्न कस्तो हावापानी उपयुक्त हुन्छ समूहमा छलफल गर्नुहोस् र कक्षामा शिक्षकलाई देखाउनुहोस् ।

**(ख) अभ्यास**

१. तलको मसलाको नाम लेख्नुहोस् । तपाइँको खेतबारीमा यसको खेती गर्ने तरिका सम्बन्धमा जानकार व्यक्तिसँग सोधेर लेख्नुहोस् ।



२. तपाइँको घर र छिमेकीले कुनकुन मसला खेती गरेका छन् तिनको अवलोकन गरी सूची तयार गर्नुहोस् ।

३. तलको मसला बालीको चित्रमा उपयुक्त रङ लगाई कक्षामा प्रस्तुत गर्नुहोस् ।



## पाठ ४: अन्न बाली

कैलाश गाउँपालिकामा अधिकांश मानिस कृषिमा निर्भर छन् । खाद्यान्नको मुख्य स्रोत पनि कृषि नै हो । यस गाउँपालिकाको प्रायजसो भागमा मकै, धान, कोदो, गहुँ र जौ उत्पादन हुन्छ ।

भार्तामा मकै, कोदो र मनहरी खोलाको किनार र आसपासका क्षेत्रमा धान खेती गरिन्छ । कैलाशमा मकै र कोदो हुन्छ भने नामटारमा मकै, धान, गहुँ र कोदो खेती गरिन्छ ।



मकै कैलाशको तल्लो भेगतिर बैशाखमा, माथिल्ला लेकाली भेग खासगरी कैलाशमा फागुन र चैत्रमा र कोदो साउनमा रोपिन्छ । मकै र कोदोमा राम्रो गोडमेल, कम्पोष्ट मलको प्रयोग गर्न सकेमा अन्नबाली राम्रोसँग सप्रन्छ र उत्पादन धेरै हुन्छ ।



अन्न बाली कैलाश गाउँपालिकाको खाद्यान्नको मूल आधार हो । मकै, धान, कोदो, गहुँ यहाँको खाद्यान्न बाली हो । यहाँ प्रशस्त अन्न उत्पादन गर्न सकेमा गाउँपालिका खाद्यान्नमा आत्मनिर्भर हुन्छ । बढी भएको अन्न बेचबिखन गरी आय आर्जन गर्न सकिन्छ । मकै, कोदो, गहुँको ढिँडो र रोटी बनाएर खाने चलन छ । यसबाट मानिसहरूलाई आवश्यक पर्ने पोषण तत्त्व प्राप्त हुन्छ । पशुपन्छीको लागि दाना र आहार पनि अन्नबाटै उपलब्ध हुन्छ । अन्नका साथै पशुपन्छीका लागि घाँस पनि त्यसबाट नै प्राप्त हुन्छ । मकैको ढोड, गहुँको छ्वाली, कोदोको नल र धानको पराल पशुपन्छीका लागि घाँसका रूपमा प्रयोग गरिन्छ ।

त्यसैले अन्न बाली उत्पादनमा विद्यार्थीहरू सबैले आफूले सकेको सहयोग गर्नुपर्छ । यसबाट सिकेको ज्ञान तथा सिप घरमा उपयोग गर्नुपर्छ । घरमा गरिने यस्ता काममा सकेको सहयोग पुर्‍याउनु पर्छ । अन्नको बिउ रोप्ने, हुर्काउने, हेरचाह तथा गोडमेल गर्ने र सिँचाइ गर्ने काममा सहयोग पुर्‍याउनुपर्छ । बाली पाकेपछि भित्र्याउने कार्यमा पनि सहभागी भई बाआमालाई सहयोग पुर्‍याउनुपर्छ । सानैदेखि परिश्रम गर्ने बानीको विकासले स्वाबलम्बी र आत्मनिर्भर हुन सिकाउँछ ।

**.(क) कियाकलाप**

१. धान, मकै, कोदो, गहुँ बाली हुने स्थानहरूमा स्थलगत भ्रमणमा जानुहोस् र स्थानीय जानकार व्यक्तिसँग सोधी तलको तालिका भर्नुहोस् ।

| बालीको नाम | बिउ छर्ने समय | सिँचाइ पटक | गोडमेल पटक | मलको प्रयोग पटक | बाली भित्र्याउने समय |
|---|---|---|---|---|---|
| धान | | | | | |
| मकै | | | | | |
| कोदो | | | | | |
| गहुँ | | | | | |

२. तपाईंको गाउँपालिकामा कुनकुन अन्नबाली लगाइन्छ ? समूहमा छलफल गर्नुहोस् । तिनको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

१. तपाईं घर तथा विद्यालयको कुनकुन काममा सहयोग गर्नुहुन्छ, लेख्नुहोस् ।

२. तल अन्न बालीको चित्र दिइएको छ । यो अन्न बाली कैलाश गाउँपालिकाको कुनकुन ठाउँमा गरिन्छ, सोधखोज गरी लेख्नुहोस् ।



३. तपाइँलाई मन पर्ने कुनै एक अन्न बालीका सम्बन्धमा एउटा कथा, कविता वा गीत रचना गर्नुहोस् ।

## एकाइ ९ (ख) पशुपन्छी पालन

सिकाइ उपलब्धि

पशुपन्छी पालनलाई व्यवसायको रूपमा पहिचान गर्न

चित्र : गाई, भैंसी, बाखा, भेंडा, कुखुरा, हाँस, परेवाको तस्बिर

## पाठ १ : पशुपन्छी पालनको परिचय

पशुपन्छी पालन भनेको गाई, भैंसी, बाख्रा, भेंडा, कुखुरा, हाँस, परेवा जस्ता पशुपन्छीको पालनपोषण हो । त्यत्ति मात्र होइन पशुपन्छीहरूबाट उत्पादित वस्तुको व्यवस्थापन पनि हो । त्यसैले पशुपन्छी पालनबाट दूध, मासु, अण्डा, ऊन, छाला, मल उत्पादन गर्न सकिन्छ ।

विद्यार्थी हो, अब यो पाठमा हामी बाख्रा पालन सम्बन्धमा एक समाचार अध्ययन गर्नेछौं ।

### *खर्च जोगाएर बाख्रा थप्ने रहर छ- भीमबहादुर प्रजा*

*माघ २४, २०८१, कान्तिपुरबाट साभार*

*रमेशकुमार पौडेल*

*चितवन – चितवनको विकट पहाडी राप्ती नगरपालिका-१३, स्यामराङमा मेरो घर छ । सतचालीस वर्षको भए पनि अहिलेसम्म गाउँ छाडेको छैन । बादेखि बाजे-बराजुले पनि यहीँ खोरिया खनेर जीवन बिताए । नगरपालिकाभित्र बस्ती परे पनि अहिलेसम्म बिजुली आएको छैन । धारामा दिनको दुई घण्टा मात्रै पानी आउँछ, विकास देखेको भनेको यही मात्र हो । गाउँसम्म गाडी आउन लायक सडक छैन ।*

*परिवारमा मबाहेक ८० वर्षका बुबा रामबहादुर र श्रीमती काँशीमाया छौं । छोरी अप्सरा र निराको बिहे भइसक्यो । छोरो मिलन कमाउन भनेर गत वर्षबाट काठमाडौंतिरै रुमल्लिरहेको छ । कमाइधमाइ नहुँदा घरखर्च धान्न मुस्किल पर्छ । आँखा नदेख्ने बुवाको घुँडा पनि राम्रोसँग चल्दैन । अस्पताल लगेर जँचाउन नसक्दा बुबा घरमै थलिनुभएको छ । नागरिकता भए पनि वृद्धभत्ता पाउने सूचीमा नाम दर्ता गर्न र बैंक खाता खोल्न सकिएको छैन । बुवाको रेखदेखमा श्रीमती र मेरो समय बित्छ ।*

*वर्षमा दुई/तीन महिनाबाहेक हरियाली नहुँदा चेपाङ बस्तीमा फुङ्ग धूलो उड्छ । पुग-नपुग एक रोपनी पाखो बारीमा दुई बाली खेती गर्दा दुई मुरी मकै र कोदो फल्छ । सिँचाइ हुन्थ्यो भने दालबाली लगाउँथे । पाखोबारीको उत्पादनले आधा वर्ष टर्दैन । चेपाङ गाउँमा '६ महिना सहकाल, ६ महिना अनिकाल' भन्ने उखानै छ ।*

काठमाडौंमा ग्यास बोक्ने काम गर्दैछु भनेर खबर गरे पनि छोराले खर्च पठाउन सकेको छैन । गत दसैंमा आएका बेला भने छोराले खर्च धानेको थियो । खर्च जुटाउन म पनि बेला-बेला काम खोज्दै छिमेकी धादिङ जिल्लामा तरकारी रोप्न र गोड्न जान्छु । तरकारी टिप्ने बेलामा खेताला गइन्छ । हामी चेपाङको धेरै खर्च चाडपर्वका बेलामा हुन्छ । नातेदार, इष्टमित्र आउँदा रक्सी र कोकाकोला किन्दैमा कमाएको जति सबै पैसा खर्च हुन्छ ।

घरमा दुई घार माहुरी छन् । खोरमा दुई माउ बाखा र दुईवटा पाठा छन् । वर्षमा मह बेचेर ८/१० हजार कमाउँछु । खसी बेचेर १०/१२ हजार कमाइ गर्छु । यसबाटै नुनतेल र खाद्यान्न जोहो गरिन्छ । हरहिसाब गर्दा वर्षको आठ/दस हजार रुपैयाँ घरखर्चका लागि अपुग हुन्छ । फागुन र चैत महिनामा फिटिक्कै पैसा हुँदैन । त्यही बेला पर्ने चैते दसैं खल्लो हुन्छ । साउने सङ्क्रान्तिसम्म पैसा जुटिसकेको हुँदैन । यस्तो बेला सापटी खोज्नुपर्ने भएकाले ८ देखि १० हजार रुपैयाँ ऋण लाग्ने गरेको छ । घरखर्च घटाउन कि पाहुनालाई थोरै खान दिनु पऱ्यो, नत्र भने उपाय छैन ।

गाउँकै पसलमा पाइने नुन, तेल र खुर्सानीमा महिनामा कम्तीमा हजार रुपैयाँ खर्च भइहाल्छ । गाडी भाडा पनि जोड्दा बजारको भन्दा गाउँमा मसला सात/आठ रुपैयाँ बढी मूल्य पर्दछ । खाद्यान्न खरिद गर्न गाउँबाट चितवनकै भण्डारा पुग्नुपर्छ । त्यहाँसम्म आउजाउ गर्दा गाडी भाडा र खाना गरेर दिनको १५ सयजति खर्च हुन्छ । लत्ता कपडामा वर्षमा पाँचदेखि दस हजार रुपैयाँ खर्च हुन्छ । महिना बिराएर ३० किलोका दरले दुई बोरा चामल किन्छु । चामल प्रतिकिलो सय रुपैयाँ पर्छ । चामल, भुटुन, मसला, लत्ता-कपडामा बाहेक मन फुकाएर खर्च गर्न सकिएको छैन । साना खाले लोकल बाखा पालेको छु । बढ्न समय लाग्ने भएकाले बेच्दा सोचेजस्तो मूल्य पर्दैन । दुई-चारवटा विकासे माउ बाखा पाल्न पाए आम्दानी अलि बढ्ने थियो । खर्च जोगाएर बिकासे बाखा खोरमा हाल्ने धोको कहिले पूरा हुन्छ ? ठेगान छैन । हाम्रो गाउँमा ६३ घर छन् । एकाधबाहेक सबैको अवस्था मेरैजस्तो हो । खर्च जुटाउन नसकेका बेला मनमा अनेक

*कुरा खेल्छन् । भतभती मन पोलेका बेला श्रीमतीसँग के गर्ने होला भनेर सल्लाह पनि गर्छु । केहीगरी खर्च जोहो भएन भने ऋण खोज्न निस्कन्छु ।*

**(क) क्रियाकलाप**

१.विद्यालय नजिकै बाख्रा पालन गरिएको ठाउँको स्थलगत अवलोकन गर्नुहोस् र तलको बुँदाअनुसार टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

(क) बाख्रा पालन गर्ने व्यवसायीको नाम :

(ख) बाख्रा पालन सुरु गरेको मिति :

(ग) बाख्राको सुरक्षा र हेरचाह गर्ने तरिका :

(घ) बाख्रा पालनबाट हुने आम्दानी :

**(ख) अभ्यास**

१. पाठमा दिइएको समाचार अध्ययन गरी भीमबहादुर प्रजाका समस्याहरू केके छन्, लेख्नुहोस् ।

२. भीमबहादुर प्रजाका समस्याहरू समाधान गर्न के के काम गर्नुपर्ला उल्लेख गर्नुहोस् ।

# पाठ २ : गाईभैंसी पालन

## १. परिचय

पशुपालनअन्तर्गत गाईभैँसी पालन पनि पर्छ । व्यवसायिक रूपमा गाईभैँसी पालन गरेमा राम्रो आम्दानी लिन सकिन्छ । पछिल्लो समयमा गाईभैँसी पालन व्यवसायिक रूपमा बढ्दै गएको छ । गाईभैँसी पालनका लागि गोठको व्यवस्थापन, आहारा निर्माण, रोगको पहिचान र रोकथामका उपायहरूको जानकारी आवश्यक छ । त्यसैले यहाँ गोठको व्यवस्थापन, आहारा निर्माण, गाईभैँसी पालनबाट हुने फाइदाहरूको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## २. गाईभैँसी फार्मका लागि गोठ व्यवस्थापन

गोठ बनाउने जमिनको छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् :

(क) ओभानो, पारिलो, वरपरभन्दा केही अग्लो र सुरक्षित ठाउँमा गोठ बनाउने जमिनको छनौट गर्नुपर्छ ।

(ख) यातायात, बिजुली, पानी भएको स्थानमा गोठ बनाउनुपर्छ ।

(ग) प्राविधिक सेवा सुविधा, औषधी, दाना आदि उपलब्ध भएको स्थान नजिक गोठ बनाउनुपर्छ ।

(घ) घाँस चरन नजिक भएको ठाँउमा गोठ बनाउनुपर्छ ।

(ङ) जङ्गली जनावर नलाग्ने ठाँउमा गोठ बनाउनुपर्छ ।

(च) मलमूत्र खेतबारीमा लान नजिक हुने ठाँउमा गोठ बनाउनुपर्छ ।

गोठ बनाउँदा ठाउँ र अवस्था हेरी चारैतिर वा दुईतिर खुल्ला राख्न सकिन्छ । जाडो ठाउँमा घामको प्रकाश आउनेतिर खुल्ला राख्नु पर्छ ।

## ३. गाईभैसींको लागि आहारा(दाना) बनाउने तरिका

गाईभैंसी पालनका लागि आहारा(दाना)व्यवस्थापन सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । घरमा भएको ढुटो,चोकर वा मकैमा सनतुलित रूपमा पौष्टिक तत्त्व मिसाइ आहारा(दाना) बनाउनुपर्छ । आहारामा कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज तथा पानी जस्ता पौष्टिक तत्त्व मिसाइ दाना बनाउनुपर्छ । यसरी बनाएको दाना खुवाउँदा पशुको लागि आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्त्वहरू प्राप्त हुन्छ । गाईभैंसीलाई पौष्टिक घाँस पनि आवश्यक पर्छ ।

## ४. गाईभैंसी पालनबाट हुने फाइदा

गाईभैंसी पालनबाट विभिन्न किसिमका फाइदा लिन सकिन्छ । जुन निम्नानुसार छन् :

(क) बाच्छा बाच्छी र पाडा पाडी उत्पादन गर्न

(ख) दुध उत्पादन गर्न

(ग) खनजोत कार्यका लागि गोरु उत्पादन गर्न

(घ) बाली नालीलाई आवश्यक पर्ने मल उत्पादन गर्न

(ङ) गाई तथा भैंसीको दुधबाट विभिन्न परिकार बनाउन, आदि ।

**(क) क्रियाकलाप**

१.विद्यालय नजिकै गाई पालन गरिएको ठाउँमा जानुहोस् । त्यहाँका किसानसँग सोधपुछ गरी गाई पालन गर्ने तरिका टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

**(ख) अभ्यास**

१. गाईभैंसी पालनका लागि गोठको व्यवस्थापन गर्न कुन कुन कुरामा ध्यान दिनुपर्छ ?

२. तपाइँ बसेको वरपर कुन कुन पशुपन्छीहरू पालन गरिएका छन् ? ती पशुपन्छी पालनबाट के के लाभ हुन्छ बुँदागत रूपमा लेख्नुहोस् ।

**(ग) परियोजना कार्य**

पशु चिकित्सकलाई भेट गरी गाईभैँसीलाई लाग्ने रोग र बचाउने तरिकाहरू सम्बन्धमा बुँदाहरू टिपोट गर्नुहोस् र गाईभैँसी पालन गर्ने अभिभावक भेला गरी सुनाउनुहोस् ।

## पाठ ३ : बङ्गुर र कुखुरा पालन

रमेशको आमाबा बङ्गुर पालन गर्छन् । उनीहरूको बङ्गुर फार्म छ । उनका आमाबालाई बङ्गुरलाई दाना र पानीको व्यवस्था गर्दा दिनभर फुर्सद हुँदैन । रमेश आमाबुबाको काममा सहयोग पुर्‍याउँछन् । उनका आमाबाले बङ्गुरका पाठापाठी बेचबिखन गर्छन् । उनका आमाबाले बङ्गुर पालनबाट धेरै आम्दानी गर्छन् ।



बङ्गुरको राम्रो हेरचाह र सुरक्षा गर्न सके मात्र तिनबाट आम्दानी लिन सकिन्छ । उचित सुरक्षा, राम्रो हेरचाह र खानपानको व्यवस्था भएमा बङ्गुरहरू चाँडै बढ्ने र निरोगी हुन्छन् । तिनीहरूलाई रोग लागेमा समयमा नै औषधी उपचार गर्नुपर्छ । तिनमा

लाग्ने रोग, रोगबाट जोगाउने तरिका, राम्रो स्याहार सुसार र हेरचाह आदिको जानकारी उनीहरूले तालिमबाट सिकेका छन् ।  गाउँपालिकाले रमेशका बाआमा जस्ता पशुपन्छी पालकलाई साना तथा घरेलु व्यवसाय गर्न आवश्यक ऋण उपलब्ध गराएको छ । यसबाट उनीहरूको आम्दानी वृद्धि भई घर परिवार सहजै चलेको छ ।

पार्वतीका आमाबुबा कुखुरा पालन गर्नुहुन्छ । उनीहरूको काममा पार्वतीले सहयोग गर्छिन् । कुखरालाई दाना, पानी दिने र समयसमयमा बत्ती बाली उपयुक्त तापक्रम दिने काममा पार्वतीको सहयोग रहेको छ । उनीहरूको आफ्नै मासु र अण्डा पसल पनि छ । उनीहरूले आफूले पालेका कुखुराको मासु र अण्डा विक्री गरी आय आर्जन गरेका छन् । यसैबाट पार्वतीको पढाइको खर्च जुटेको छ । उनलाई आवश्यक पर्ने कापी, झोला, खाजाको रकम त्यही आम्दानीबाट खर्च हुन्छ । त्यसैगरी घरका लागि आवश्यक चिनी, चियापत्ती, मसला, कपडा, खेतबारीका लागि रासायनिक मल पनि किन्न पुगेको छ । यति मात्र नभएर बैङ्कमा पैसा बचत पनि गरेका छन् ।



कुखुराको राम्रो हेरचाह र सुरक्षा गर्न सके मात्र तिनबाट आम्दानी लिन सकिन्छ । राम्रो हेरचाह र खानपानको व्यवस्था भएमा कुखुराहरू चाँडै बढ्छन् । तिनीहरूलाई रोग लागेमा समयमा नै औषधी उपचार गर्नुपर्छ । तिनमा लाग्ने रोग, रोगबाट जोगाउने तरिका, राम्रो स्याहार सुसार र हेरचाह आदिको जानकारी पार्वतीका आमाबुबाले तालिमबाट सिकेका छन् ।  गाउँपालिकाले पशुपन्छी पालकलाई साना तथा घरेलु

व्यवसाय गर्न आवश्यक ऋण उपलब्ध गराएको छ । यसबाट उनीहरूले आम्दानी गरी घर परिवार सहजै चलाएका छन् ।

**(क) क्रियाकलाप**

२. कुखुरा पालन गरेको ठाउँमा स्थलगत भ्रमण गर्नुहोस् । कुखुरा पालन गर्ने व्यवसायीलाई सोधी तलको विवरण भर्नुहोस् :

| | | |
|---|---|---|
| १ | व्यवसायीको नाम | |
| २ | कुखुरा पालन सुरुवात गरिएको मिति | |
| ३ | कुखुराको सङ्ख्या | |
| ४ | वर्षभरिमा कुखुरा विक्रीबाट हुने आम्दानी | |

**(ख) अभ्यास**

१. तपाईंको गाउँमा कुनकुन ठाउँमा बङ्गुर पालन गरिएको छ ? त्यसको सूची तयार गर्नुहोस् ।

२. बङ्गुर पालनबाट हुने फाइदाहरू बुँदागत रूपमा लेख्नुहोस् ।

३. कुखुरा पालन व्यवसायबाट धेरै आम्दानी लिन के के काम गर्नुपर्ला, लेख्नुहोस् ।

४. तलको चित्रमा उपयुक्त रङ लगाई कक्षाको भित्तेपाटीमा टाँस्नुहोस् ।



**शिक्षकलाई सुझाव**

यस पाठमा दिइएका क्रियाकलाप र अभ्यास नमुना मात्र हुन् । यसबाहेक स्थानीय परिवेशअनुकूल विभिन्न सिर्जनात्मक क्रियाकलाप र अभ्यास गारउनुपर्छ । यो गरेर सिक्ने विषय भएकाले शिक्षकले यिनका आधारमा स्थानीय सन्दर्भअनुसार स्थलगत भ्रमण गराई प्रत्यक्ष अवलोकनमार्फत विषयवस्तुको जानकारी गराउनु पर्नेछ । त्यसको साथै थप क्रियाकलाप, अभ्यास, सामुदायिक कार्य र परियोजना कार्य गराउनुपर्ने छ ।